लेखापरीक्षण प्रतिवेदन

छत्रदेव गाउँपालिका, अर्घाखाँची

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

छत्रदेव गाउँपालिका, अर्घाखाँची

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/775

श्रीमान् अध्यक्षज्यू,
छत्रदेव गाँउपालिका,
गाँउ कार्यपालिकाको कार्यालय, अर्घाखाँची।

विषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/775

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान् अध्यक्षज्यू ,

छत्रदेव गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय,

अर्घाखाँची।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाँउपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमको ढाँचामा वित्तीय विवरण तयार तयार गर्नु पर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबारको विवरण समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२ गाँउपालिकाको आय- व्यय तर्फ रू१ अर्व ३६ करोड ५ लाख ६५ हजारको लेखापरीक्षणबाट रु.२४ लाख ९२ हजारको बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. ७५ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु. ६ लाख ७६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू..५ लाख १६ हजार, नियमित गर्नुपर्ने रु.१२ लाख २५ हजार गरी जम्मा रु.२४ लाख १७ हजार रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.३ करोड ६८ लाख २१ हजार सहित यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजु रु.३ करोड ९२ लाख ३८ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाँउपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाँउकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत छत्रदेव गाँउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
८१	३१	२४,९२,३९३	०	९	७५,१३२	०	८१	२२	२४,१७,२६१	६,७६,१३३	१२,२४,६०५	५,१६,५२३	०	०	१७,४१,१२८	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
अर्घाखाँची	३,६८,२०,७१२		०	३,६८,२०,७१२		२४,१७,२६१	३,९२,३७,९७३

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	३४	सामाजिक सुरक्षा भत्ता	७५,१३२
जम्मा				**७५,१३२**

छत्रदेव गाउँपालिका, अर्घाखाँची

(८०५५१५०१३००)

छत्रदेव गाउँपालिका , अर्घाखाँची

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो।स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।यस पालिकामा ८ वडा रहेको छ भने क्षेत्रफल ८७.६२ वर्ग किलोमिटर तथा जनसंख्या २१ हजार ६११ रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।१० देखि २०८२।५।१२ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि तथा सीमा :- यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८२, निकायगत लेखापरीक्षण योजना, लेखापरीक्षण नीति मानदण्ड, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यास, लिखित प्रतिनिधित्व पत्र एबं लेखापरीक्षण अनुवन्धपत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानि लेखापरीक्षण सम्पन्न गरिएको छ ।लेखापरीक्षण टोलिमा रहेको सिमित साधन र श्रोत, सूचनाको पहुचमा हुने सिमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी बैद्यता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट (Sampling) गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षकको जिम्मेबारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिबेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेबारी व्यवस्थापन पक्षको रहेको छ । लेखापरीक्षणको क्रममा १५ शैयाको अस्पताल मात्रको स्थलगत अवलोकन गरिएको र स्रेस्ता परीक्षणलाई मात्र लेखापरीक्षणको आधार मानिएको छ । सारभुतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।छलफल भइ पेश भएका थप कागजातहरु समेत परीक्षण गर्दा कायम हुन आएका व्यहोराहरु निम्नानुसार रहेका छन्ः

(ङ) आर्थिक कारोबारको स्थिति :- कार्यालयको जम्मा रु. १ अर्व ३६ करोड ५ लाख ६५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(च) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १३४९०६।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

वापत	रकम	मिती	दाखिलाभएकोबैंक
विद्युत महशुल अनुदान- झुल्के खानेपानी व्यवस्थापन समिती	७८६८	०८२।५।३१	राष्ट्रिय वाणिज्य बैक
विद्युत महशुल अनुदान- छत्रगंज ६ ७ ८ ९ खानेपानी तथा सरसफाइ उपभोक्ता समिती	६९२६	०८२।५।२९	राष्ट्रिय वाणिज्य बैक
विद्युत महशुल अनुदान- माझखोला बल्कोट लिफ्ट खानेपानी	२९८३	०८२।५।३०	राष्ट्रिय वाणिज्य बैक
विद्युत महशुल अनुदान- धारा चिदिपानी खानेपानी लिफ्टिंग योजना	२२	०८२।५।२९	राष्ट्रिय वाणिज्य बैक
विद्युत महशुल अनुदान- भुतिया खोला तल्लो झिर्वास खानेपानी उपभोक्ता समिती	११८२४	०८२।५।२९	राष्ट्रिय वाणिज्य बैक
कृषि औजार खरिद अग्रिम कर असुली	८८८१५	०८२।५।३०	राष्ट्रिय वाणिज्य बैक
बढी भुक्तानी- पर्यावरण सचेतन समूह	२१८	०८२।५।३०	राष्ट्रिय वाणिज्य बैक
भ्रमण भत्ता बढी भुक्तानी- उमानाथ पन्थि	१२००	०८२।५।१२	राष्ट्रिय वाणिज्य बैक
प्रश्नपत्र निर्माणबढी भुक्तानी	१२५००	०८२।५।३०	राष्ट्रिय वाणिज्य बैक
२ जनाको बैठक भत्ता बढी भुक्तानी	२५५०	०८२।५।२९	राष्ट्रिय वाणिज्य बैक
जम्मा	**१,३४,९०६**		

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय संचित कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोवारको एकीकृत विवरण निम्न बमोजिम रहेको छ।

प्राप्ति			भुक्तानी		
विवरण	**रकम**	**रकम**	**विवरण**	**रकम**	**रकम**
सुरु मौज्दात		**५५१३७४६०।७३**	**चालु खर्च**		**३२४२२५१९७।३३**
१.संचित कोष	३०२९४७८१।५०		१. पालिका तर्फ	१०३११९१६८।५५	
२.धरौटी	१५६२०२२८।५१		२. संघीय सशर्त	२२०८५६०२८।७८	
३. विविध कोष खाता	४५२८११५।००		३. संघीय विशेष		
४. प्रकोप व्यवस्थापन कोष	४६९४३३५।७२		४. प्रदेश सशर्त	२५००००।००	
यस वर्षको आय			५. प्रदेश विशेष	०।००	
१.आन्तरिक आय	७३७११८७।१७	**७३७११८७।१७**	**पुँजीगत खर्च**		**१३२४५५११०।३६**
२. वित्तीय हस्तान्तरण (संघ)		**४२९४६७८०३।२७**	१. पालिका तर्फ	९४४१९११२।६८	
क) समानीकरण अनुदान	९२९५२८८०।००		२. संघीय सशर्त	१०४२१८६६।००	
ख) राजस्व बाँडफाँट	८२४९६५०२।२९		३. संघीय विशेष	०।००	
ग) सशर्त अनुदान	२३१२७७८९४।७८		४. संघीय समपुरक	१४७०८४५१।५०	
घ) समपुरक अनुदान	१४७०८४५१।५०		५. प्रदेश सशर्त	६३३३६००।००	
ङ) विशेष अनुदान	०।००		६. प्रदेश विशेष	१८३९३००।००	
च) रोयल्टी	०।००		७. प्रदेश समपुरक	४७३२७८०।१८	
छ) अन्य	८०३२०७४।७०		**अन्तर सरकारी अख्तियारी (संघ)**		**२०६०२९९६७।००**
३. वित्तीय हस्तान्तरण (प्रदेश)		**२६३६८९०३।०२**	क) सामाजिक सुरक्षा	१७५९४२८३२।००	
क) समानीकरण अनुदान	६६९६०००।००		ख) एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम	५०१९४७१।००	
ख) राजस्व बाँडफाँट	५८९६८२५।९१		ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (वडा नं. ४ स्वास्थ्य चौकी)	०।००	
ग) सशर्त अनुदान	६३३३६००।००		घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (क्षयरोग मुक्त, मृगौला)	३१४७६४०।००	
घ) समपुरक अनुदान	४७३२७८०।१८		ङ) बस्ती विकास कार्यक्रम	२१९२००२४।	

				००	
ङ) विशेष अनुदान	१८३९३००।००		**ऋणको ब्याज भुक्तानी**	०।००	०।००
च) रोयल्टी वन	१५०९७२।७१		**धरौटी फिर्ता तथा सदर स्याहा**	४३२१०७४।१४	४३२१०७४।१४
छ) अन्य	७१९४२४।२२		**कार्यसञ्चालन कोषबाट भएको खर्च**	४४३०१७१।००	४४३०१७१।००
४. अन्तर सरकारी अख्तियारी (संघ)		**२०६०२९९६७।००**	**अन्य कोषबाट भएको खर्च**	०।००	०।००
क) सामाजिक सुरक्षा	१७५९४२८३२।००		**गैरसरकारी संस्थाबाट सञ्चालित योजना**	०।००	०।००
ख) एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम	५०१९४७१।००		**अन्य सहयोगमा सञ्चालित योजना**	०।००	०।००
ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (वडा नं. ४ स्वास्थ्य चौकी)	०।००		**अन्य खर्च भएमा**	०।००	०।००
घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (क्षयरोग मुक्त, मृगौला)	३१४७६४०।००		**अनुदान फिर्ता**		
ङ) बस्ती विकास कार्यक्रम	२१९२००२४।००		**१. संघ तर्फ**		**७५०२७५०।४६**
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)		०।००	क) सशर्त अनुदान	६१२४२८२।१४	
६. ऋण/ वित्तीय व्यवस्था	०।००	०।००	ख) विशेष अनुदान	०।००	
७. धरौटी आय	४२३५२४९।००	४२३५२४९।००	ग) समपुरक अनुदान	१३७८४६८।३२	
८. कार्यसञ्चालन कोष आय	४३३५८९९।००	४३३५८९९।००	**२. प्रदेश तर्फ**		**१२१२७१९।८२**
९. अन्य कोषको आय	२५७९६७५।००	२५७९६७५।००	क) सशर्त अनुदान	१०८६९१९।८२	
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना	०।००	०।००	ख) विशेष अनुदान	०।००	
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना	०।००	०।००	ग) समपुरक अनुदान	१२५८००।००	
१२. अन्य आय भएमा	०।००	०।००	**अन्तिम मौज्दात**		**५५३४९१५४।०८**
			१. संचित कोषको मौज्दात	२८०७२४३२।९९	
			२. धरौटी	१५५३४४०३।३७	
			३. विविध कोष खाता	७०४५६३६।००	
			४. प्रकोप व्यवस्थापन कोष	४६९४३३५।७२	
			४.दाखिला गर्न बाँकी	२३४६।००	

जम्मा	७३५५२६१४४।१९	७३५५२६१४४।१९	जम्मा	७३५५२६१४४।१९	७३५५२६१४४।१९

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **वित्तीय विवरण** -

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) सम्बन्धमा निम्नानुसार देखिएको छः

३.२ **शुत्र प्रणाली कार्यान्वयन** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) तयार गर्नुपर्दछ। पालिकाले सिग्यासतर्फको अन्तरसरकारी अख्तियारीतर्फको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १७,५९,४२,८३२।००, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ८५,१९,५७१।००, स्वास्थ क्षेत्र सुधार कार्यक्रम रु ३१,४७,६४०।०० बस्ती विकास कार्यक्रम रु.२,१९,२०,०२४।०० समेत गरी रु २०,९५,३०,०६७।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.३ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार रु.२७००।०० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७०-१ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	**गतवर्षको जिम्मेवारी**	**यसवर्षको प्राप्ति**	**यसवर्षको भुक्तानी**	**बैङ्क मौज्दात**
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०-१)	३०२९४७८२	४५४४६०६५९	४५६६८०३०८	२८०७५१३३
एकीकृत आर्थिक विवरणअनुसार				२८०७२४३३
फरक				**२७००।००**

४ **आन्तरिक नियन्त्रण प्रणाली**

४.१ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने, आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

४.२ **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

• निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने व्यवस्था रहेकोमा पालिकाले तलवी प्रतिवेदन वेगरनै खर्च लेखेको छ ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखि रहेको पाइयो ।साथै पालिकाले इन्धन, गाडि भाडा तथा अतिथि सत्कार जस्ता चालु खर्चमा नियन्त्रण गरी नागरिक लाभ हासिल हुने उत्पादकत्वमूलक पूर्वाधारका क्षेत्रमा खर्च केन्द्रित गर्नु पर्दछ ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।साथै वडा कार्यालयमा रहेका जिन्सी सामानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन । सहायक खाता अद्यावधिक नभएको, हस्तान्तरण गरेका जिन्सिको अद्यावधिक अभिलेख नराखेको, नियमावलीको व्यवस्था अनुसार सम्पूर्ण जिन्सि सामानहरु PAMS मा समावेश भएको सम्वन्धमा यकिन गर्न नसकिएको अवस्था छ ।

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको छैन ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँज गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• पेश्की लेजर, व्यक्तिगत पेस्कीको विवरण खडा गरी अद्याबधिक गरी राख्नुपर्नेमा राखेको पाइएन ।यसले गर्दा पेस्कीको अद्यावधिक अवस्था यकिन गर्न सक्ने अवस्था छैन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुमा तयार गरेको छैन। कतिपय योजनाहरुको लागत अनुमान तयार तथा स्वीकृती, नापी मूल्याकन, जाँच, स्वीकृती, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार, स्वीकृत जस्ता आधारभुत कार्य नभएको र उक्त कागजातमा मिति समेत उल्लेख नभएको पाइयो ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था भएपनि निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।साथै मालसामान खरिद गर्दा लागत अनुमान तयार गरेको छैन, यसले गर्दा खरिद कार्य मितव्ययि र प्रतिस्पर्धि हुन सकेको छैन।

• निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन अनुसार नापी किताव तयार गरी उक्त नापी कितावलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा योजनाहरुको नापी लुज पेपरमा भर्ने गरेको पाइयो।अतःयोजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गरी राख्नुपर्दछ ।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि कार्यालयले तोकेको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले आन्तरिक नियन्त्रण प्रणालीको विकास गर्नुपर्नेमा भ्रमण अभिलेख खाता नरहेकोले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चको आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ गर्नुपर्दछ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

५ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ ।जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा पालिकाले हालसम्म ३१ वटा ऐन, ५ वटा नियमावली, कार्यविधि, निर्देशिका तथा मापदण्ड ७६ गरी जम्मा ११२ कानुन निर्माण गरी कार्यान्वियनमा ल्याएको छ ।

६ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार कुल २१० योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु. २० लाख माथिका योजना सङ्ख्या	रु. ५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु. ५ लाख भन्दा कमका योजना सङ्ख्या
१	पालिकास्तरीय	१०१	५	१६	८०
२	वडास्तरीय	१३३	०	३	१३०
जम्मा		२३४	५	१९	२१०

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष २३४ वटा योजना संचालन गरेकोमा रु. ५ लाख भन्दा मुनिका मात्र २१० (८९.७४ प्रतिशत) वटा योजनाहरु रहेका छन् ।जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमैमासिक समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

७ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

क्र.स.	बजेटउपशिर्षक	कुलखर्च	त्रैमासिकखर्च					
			प्रथमत्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रोत्रैमासिक	चौथोत्रैमासिक	आषाढमहिना	
२	पूँजिगतखर्चतर्फ	१३२४४५	१६२९०	१५५७६	३५४९८	६५०९०	४०७४१	
	प्रतिशत	१००	१२.३०%	११.७६%	२६.८०%	४९.१४%	३०.७६%	

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १३,२४,४५,००० निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १,६२,९०,००० (१२.३० प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १,५५,७६,००० (११.७६ प्रतिशत), र तेस्रो त्रैमासिकमा रु. ३,५४,९८,००० (२६.८० प्रतिशत) खर्च गरेको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ४,०७,४१,००० (३०.७६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

८ क्षेत्रगत बजेट र खर्चको स्थिति

क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । (रु. हजारमा)

क्र.सं.	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	२४२०५	२०१८९	४.४
२	पूर्वाधार विकास	१०९९४८	१०००५३	२१.९
३	सामाजिक विकास	११९५९७	९७३६५	२१.३
४	बातावरण तथा विकास	४६००	४५१६	१
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	२२५०	११२९	०.२
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	२८१७६५	२३७८०४	५२.१
जम्मा		५३७७२६	४५६५४२	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये अन्य कार्यालय संचालन तथा प्रशासनिक मा सबैभन्दा बढी ५२.१ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा ०.२ प्रतिशत रहेको छ । साथै पूर्वाधार विकास मा १०९९४८००० (२०.४५प्रतिशत) विनियोजन भएकोमा विनियोजित रकमको ९1.00 प्रतिशत रकम खर्च भएको देखियो जुन जम्मा खर्चको २१.९ प्रतिशत हुन आउँछ।

९ शिक्षक दरबन्दी र पदपूर्ति

शिक्षक दरबन्दी र पदपूर्ति: स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठन व्यवस्था गर्नुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३२ सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्न रहेको देखिन्छ।

क्र.सं.	विद्यालयको नाम	शिक्षक दरवन्दी	पदपुर्ति	पदपुर्ति मध्ये करार	विद्यार्थी संख्या २०८१ को iemis अनुसार
१	श्री चन्द्र मा.वि, चिदिका	१२	१२	१	१७८
२	श्री आदर्श आ .वि, चिदिका	७	७	१	८५
३	श्री स्थानीय आ. वि, चिदिका	७	७	३	६८
४	श्री जनकल्याण आ वि, चिदिका	५	५	२	५३
५	श्री इश्वरी आ.वि, चिदिका	२	२	१	२४
६	श्री बालविकास आ.वि, चिदिका	३	३	०	३२
७	श्री देविडाँडा आ वि, चिदिका	४	४	४	५२
८	श्री अर्वुर्ण आ.वि, बल्कोट	५	५	२	४४
९	श्री जनजागृति आ वि, बल्कोट	३	३	२	४५
१०	श्री जगतमाता आ.वि, दुन्द्रुक	७	७	२	१८४
११	श्री जनशान्ति आ.वि, दुन्द्रुक	५	५	१	५६
१२	श्री अमर आ.वि, दुन्द्रुक	२	२	०	३०
१३	श्री कृष्ण आ.वि, दुन्द्रुक	२	२	१	१४
१४	श्री महेन्द्र विद्यावोध मा वि, केरुङ्गा	१५	१५	०	२८६
१५	श्री शारदा मा.वि, केरुङ्गा	१२	१२	२	१६५
१६	श्री राम आ.वि, केरुङ्गा	७	७	१	६७
१७	श्री सार्वजनिक मा.वि, छत्रगञ्ज	१६	१६	१	२८२
१८	श्री जनजागृति आ वि, छत्रगञ्ज	२	२	०	४५
१९	श्री सरस्वती आ वि, छत्रगञ्ज	३	३	१	२८
२०	श्री नेरा मा वि, ठुलापोखरा	१७	१७	२	२५६
२१	श्री सरस्वती आ.वि, ठुलापोखरा	८	८	४	११५
२२	श्री भगवती आ.वि, ठुलापोखरा	८	८	४	८६
२३	श्री जीवनज्योती आ.वि, ठुलापोखरा	५	५	२	८७
२४	श्री सरस्वती मा वि भुस्कात	१५	१५	३	२५३
२५	श्री जनकल्याण मा वि, तारुभतेरा	१३	१३	३	२०३
२६	श्री भगवती आ वि, भगवति	४	४	१	५८
२७	श्री जनसेवा आ वि, भगवति	५	५	१	६६
२८	श्री सर्वोदय आ वि, भगवति	२	२	१	१८
२९	श्री सरस्वती मा वि सुर्यथूम	१७	१७	०	२६९
३०	श्री नरेश आ वि छत्रदेव ८	७	७	०	९१

३१	श्री परमार्थी आ वि, नेटाखर्क	८	८	६	१०१
३२	श्री भगवती आ वि,अर्घातोष	१	१	०	३०
	जम्मा	**२२९**	**२२९**	५२	**३३७१**

विद्यालयको स्विकृत दरबन्दीमा करिब २३ प्रतिशत करारका शिक्षक पदपूर्ति रहेको देखिन्छ । विद्यालयमा विद्यार्थी संख्या यकिन गरी न्यून विद्यार्थी रहेका विद्यालयलाई मर्ज गरी रिक्त दरबन्दीमा स्थाई पदपुर्ति गर्ने तथा आवश्यक भएमा रिक्त दरबन्दी पदपूर्ति गरी विद्यालयको पठनपाठन तथा व्यवस्थापन चुस्तदुरुस्त पार्नेतर्फ पालिकाको ध्यान केन्द्रित गर्नु पर्दछ।

१० **शिक्षकको तलब निकासा**

स्थानीय र प्रदेश तहमा शसर्त एवं शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ को खण्ड २ मा स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकिन विवरण शिक्षा विकास तथा समन्वय ईकाइबाट प्राप्त गरी वा अध्यावधिक गरी सोही अनुसार दरबन्दीमा, राहत कोटा र प्रा.वि. तर्फका अनुदानमा कार्यरत शिक्षकहरुको लागी विद्यालयबाट प्राप्त माग फाराम रुजुगरी अनुदान उपलव्ध गराउनुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष प्रथम त्रैमासिक रु.४,८१,०४,६१७.९, दोस्रो त्रैमासिक रु.३,६७,४१,३४३.१४, तेस्रो चौमासिक रु.४,००,४२,०८१.०३ र चौथो चौमासिक रु.३,८०,१७,०६८.५१ गरी जम्मा रु.१६,२९,०५,११०.६ शिक्षकको तलव भत्ता वापत निकासा गरिएको छ। निकासा दिँदा श्रेस्तासाथ शिक्षकको नामनामेसी सहितको निकासाको विवरण संलग्न गरेको देखिएन ।यसले गर्दा विद्यालयलाई वास्तविकरुपमा निकासा दिनुपर्ने र भुक्तानी दिएको रकमबारे भिडान गर्न कठिन हुने हुँदा विद्यालयगत निकासा रजिस्ट्रर अद्यावधिक गरी राख्नुपर्दछ।

११ **मुख्य चाडपर्व खर्च**

महालेखा नियन्त्रक कार्यालयको प.सं.-२०७२/७३, च.नं.१३, मिति २०७३/२/२४ को निर्णयानुसार निर्णय नं.१ मा निजामती सेवा ऐन,२०४९ को दफा ३२(१) तथा नियमावली, २०५० को नियम १२८ (१)र(३) मा व्यवस्था भए अनुसार यसरी नियुक्ती हुने कर्मचारीहरुबाट निजहरुले मानि आएको धर्म (सिटरोल फारममा उल्लेख भएको) अनुसारको मुख्य चाडपर्व पर्ने सम्भावित महिनाको लिखित जानकारी लिई चाडपर्व खर्च भुक्तानी गर्ने र निर्णय नं.४ मा निजामति सेवा नियमावलीको नियम १२८(३) बमोजिम एक पटक चाडपर्व खर्च लिन रोजेको पर्व र महिना परिवर्तन गर्न नपाउने भएकोले सम्बन्धित कार्यालयको आन्तरिक लेखापरीक्षण गर्दा चाडपर्व खर्च भुक्तानीको अभिलेख समेत परीक्षण गर्ने र नियम विपरीत चाडपर्व खर्च लिए/दिएको पाइए असूल उपर गर्ने उल्लेख छ। पालिकाले विद्यालयमा नयाँ नियुक्त ३ जना शिक्षकहरुको मुख्य चाडपर्व पर्ने सम्भावित महिनाको लिखित जानकारी नलिई चाडपर्व खर्च भुक्तानी गरेको देखियो।

क्र.स.	**विद्यालयको नाम**	**तह**	**शिक्षकको नाम**	**नियुक्ति मिति**	**चाडपर्व खर्च रु.**
१	श्री सार्वजनिक मा.वि	मा.वि.	सृजना पोख्रेल	२०८१।२।३१	४३६८९
२	श्री आदर्श आ.वि.	प्रा.वि.	अमृता बस्नेत	२०८१।४।२७	३२९०२
३	श्री बालविकास आ.वि.	प्रा.वि.	दिपा पाण्डे	२०८१।०६।७	३२९०२

१२ **सामाजिक परीक्षण र वित्तीय लेखापरीक्षण**

कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०८१।८२) बमोजिम यस पालिका अन्तर्गतका ८ माध्यमिक विद्यालय र २४ आधारभुत विद्यालयलाई क्रमशः १५ हजार र १० हजारका दरले सार्वजनिक परीक्षण तथा लेखापरीक्षण बापत निकासा दिनुपर्ने व्यवस्था छ। पालिकाले यसवर्ष रु. ३,६०,००० निकासा दिएकोमा पारदर्शिता र जवाफदेहिताको सुनिश्चितताको लागि सबै विधालयहरुले लेखापरीक्षण गराई पहिलो त्रैमासिक निकाशा दिनु अघि सम्म सामाजिक परीक्षण प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा केहि विधालयहरुको आर्थिक तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन लिएको देखिएन। नियममा व्यवस्था भए बमोजिमको कार्य गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ।

१३ **शैक्षिक प्रतिवेदन**

अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक पालिकले गाउँ सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पूरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउन पर्ने उल्लेख छ। पालिकाले उक्तानुसार प्रतिवेदन पेश गरेको देखिएन। कानूनमा व्यवस्था भए बमोजिम शैक्षिक प्रतिवेदन तयार गर्नु पर्दछ।

१४ **शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS)**

कार्यक्रम कार्यान्वियन पुस्तिका (आ. व. २०८१।८२) मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु.४०० का दरले, सिमान्तकृत एव तोकिएको लक्षित समुहलाई रु.५०० को दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु.१५० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु.२०० का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु.५०० का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु.२०० का दरले अनुदान दिने व्यवस्था छ । कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन। जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए बमोजिम EMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सोही आधारमा मात्र अनुदान निकासा दिनुपर्दछ।

१५ **दिवा खाजा**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आ.व. २०८१/८२ का लागि कार्यक्रम कार्यान्वियन कार्यविधि पुस्तिकाको क्रि.नं. २.७.१३.१३४४ मा स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रम कार्यान्वियनमा सहजीकरण गर्ने उल्लेख छ। सामुदायिक बालविकासदेखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाका लागि विद्यालयमा उपस्थित भएको दिनको दैनिक रु.१५ का दरले १८० दिनसम्मको दीवाखाजा वापत अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ। यसरी रकम निकासा गर्दा प्रथम त्रैमासिकमा IEMIS मा समावेश भएको बालविकासदेखि कक्षा ५ सम्मको विद्यार्थी संख्यालाई आधार मानी विद्यालयमा रकम निकासा दिने र दोस्रो त्रैमासिकदेखि भौतिक रुपमा विद्यालय पुरा चलेको दिनको आधारमा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट विद्यार्थिको संख्यात्मक विवरण प्रमाणित गराई संख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। पालिकाले IEMIS मा प्रविष्ट विद्यार्थी संख्यालाई आधार मानी दीवा खाजा निकासा गरेको छ । कार्यान्वियन पुस्तिकामा भएको व्यवस्था बमोजिम विद्यार्थीको वास्तविक संख्या यकिन भएको प्रमाणित कागजात बेगर दीवाखाजाको लागि विद्यालयहरुमा रु.४३,८०,७६५ निकासा गरेको छ। विद्यालयबाट प्रमाणित विद्यार्थी संख्याको विवरण लिएर मात्र दीवा खाजा वापतको रकम निकासा गर्नुपर्दछ भने स्थानीय तहले निकासा रकम सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ।

उक्त कार्यक्रम कार्यान्वियन प्रक्रियामा संघीय सम्बद्ध मन्त्रालयसँगको सहकार्यमा मन्त्रालयबाट निर्मित स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रमको प्रारुप बमोजिम प्रबोधिरण सामग्री विकास गर्नु पर्दछ। साथै विश्व खाद्य कार्यक्रम लगायत संस्थागत समन्वय एंव साझेदारीका आधारमा पालिकाले प्रवोधिकरण गर्नुपर्दछ।

१६ **पोसाक वितरण**

गो.भौ.१०८, मिति २०८१/०९/०८ बाट रु.४,००,००० को श्री विद्याबोध ने.रा. माध्यमिक विद्यालयलाई नै पोशाक खरिद गर्न जिम्मेवारी दिएको देखिन्छ। विद्यालयले विद्यार्थी संख्या यकिन नगरी अनुमानको आधारमा पोशाक खरिद गरेको देखिन्छ। विद्यालयमा

कुल ३३७ विद्यार्थीको लागि पोशाक खरिद गरी ३०० विद्यार्थीलाई मात्र पोशाक वितरण गरेको देखिन्छ बाँकी ३७ पोशाक मौज्दातमा देखाइएको छ। यस्तो खर्चले थप व्ययभार बढेको देखिएकाले खर्च कटौती गर्नेतर्फ पालिकाले ध्यान जानुपर्दछ।

१७ **पाठ्यपुस्तक निर्माण**

गाउँपालिकाको स्थानीय स्तरमा आधारित पाठ्यपुस्तक निर्माणको क्रममा पाठ्यपुस्तक निर्माणको ड्राफ्ट लेखन र सम्पादन समितिमा कतिपय एउटै व्यक्ति रहेकोमा उक्त एउटै व्यक्तिको कार्य अनुभवले उक्त पाठ्यपुस्तक निर्माणमा खासै थप प्रभावकारिता नदेखिने हुनाले ड्राफ्ट लेखन र सम्पादन समितिमा फरक फरक व्यक्ति हुनुपर्दछ।

१८ **पारदर्शिता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ मा (२) स्थानीय तहले भुक्तानी गरेको रकम बुझी लिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नु पर्ने, उपदफा ३ मा भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ।पालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली आफ्नो वेभसाइटमा राखेको पाईएन। सामाजिक सुरक्षा भत्ता वितरण कार्य प्रक्रियालाई पारदर्शि बनाउन नगरपालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली आफ्नो वेभसाइटमा समेत राख्ने व्यवस्था मिलाउनु पर्दछ ।

१९ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ६२७९६५६।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु ६२०८३०३।३२ अर्थात अनुमान भन्दा १.१४ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिन्छ ।

२० **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रियअनुदानबाटखर्च	आन्तरिकआय	आन्तरिकआयप्रतिशत
३४५२२९२५६।९२	७३७११८७।१७	२.१४

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.१४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । उल्लेखित आन्तरिक आयमा पालिकालाई राजश्व बाँडफाँडबाट प्राप्त आयलाई समेत समावेश गरिएको छ।

२१ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

सि.नं.	आय शीर्षक	आ व २०८१/८२ अनुमान	आ व २०८१/८२ असुली	असुली प्रतिशत
१	११३१३ - सम्पती कर	२२२२८४।००	२२२२८४।००	१००
२	११३१४ - भुमिकर/मालपोत	३५६७००।००	३५२३०४।०६	९८।७७
३	११३१७ - वहाल कर	२९३१४०।००	२९३१४३।०७	१००
४	११३१८ - वहाल विटौरी कर	१८३३००।००	१८३३००।००	१००
५	११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	१६६५००।००	१५५५००।००	९३।३९
६	११६९१ - अन्य कर	५००।००	०।००	०
७	१४२१९ - अन्य सेवा शुल्क तथा बिक्री	१००००।००	६०००।००	६०
८	१४२२३ - शिक्षा क्षेत्रको आम्दानी	५०००।००	३३००।००	६६
९	१४२२४ - परीक्षा शुल्क	५०००।००	५००।००	१०
१०	१४२२९ - अन्य प्रशासनिक सेवा शुल्क	७००००।००	५११००।००	७३
११	१४२४३ - सिफारिश दस्तुर	२३४४१००।००	२३४४१००।००	१००
१२	१४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर	५७६२००।००	५७६२००।००	१००
१३	१४२४५ - नाता प्रमाणित दस्तुर	८३४००।००	८३४००।००	१००
१४	१४२४९ - अन्य दस्तुर	८२९९५७।००	८२९९५६।१९	१००
१५	१४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर	८००००।००	७३७२०।००	९२।१५
१६	१४२६५ - अन्य क्षेत्रको आय	१५९६००।००	१५९५९५।००	१००
१७	१४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत	४५००००।००	४३१८००।००	९५।९६
१८	१४५२९ - अन्य राजस्व	२०००।००	१०००।००	५०
१९	१४६११ - व्यवसाय कर	३०९९७५।००	३०९९७५।००	१००
२०	१५१११ - बेरूजू	१३२०००।००	१३११२६।००	९९।३४
जम्मा		६२७९६५६।००	६२०८३०३।३२	९८।८६

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

२२ **राजश्व वाँडफाँड**

स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु. ८५७०२

आय शीर्षक	संकलित रकम	प्रदेशलाई पठाउनु पर्ने प्रतिशत	पठाएको रकम	पठाउन बाँकी रकम	
				संघतर्फ	प्रदेशतर्फ
दहत्तर बहत्तर	१२१०५३७।२२	४२२८९५।१	३५६२८५	१९०९२	६६६१०

प्रमाण पेश नगरेको	८५,७०२

२३ **स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाको सम्बन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था अनुसार लुम्बिनि प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट देहायबमोजिम रु. ९८,१८,००० सुविधाबापत भुक्तानी भएको छ ।

सि. नं	विवरण	प्रमुख/ अध्यक्ष	उपप्रमुख/ उपाध्यक्ष	वडाअध्यक्ष८जना	कार्यपलिका सदस्य ५ जना	सभाकासदस्य २७ जना	जम्मा
१	बैठकभत्ता	३००००	३००००	५२८०००	१५००००	१०५३०००	१७९१०००
२	यातायातखर्च	०।००	०।००	९६००००	३६००००	९७२०००	२२९२०००
३	टेलिफोन,मोबाइल	४२०००	३६०००	२८८०००	१८००००	७५००००	१२९६०००
४	पुस्तक,पत्रीका, ईन्टरनेट	४८०००	४८०००	२८८०००	१८००००	८१००००	१३७४०००
५	समन्वयतथासहजीकरण	१२००००	९६०००	५७६०००	३०००००	९७२०००	२०६४०००
६	अतिथिसत्कार	७२०००	६००००	३८४०००	०।००	०।००	५१६०००
७	खानेपानी/बिजुली सरसफाई	६००००	६००००	०।००	०।००	०।००	१२००००
8	चाडपर्वखर्च	१५०००	१५०००	९६०००	५००००	१८९०००	३६५०००
	जम्मा	३८७०००	३४५०००	३१२००००	१२२००००	४७४६०००	९८१८०००

२४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा ४४ योजना सञ्चालन गरी यस वर्ष ६५ जनालाई औसत १०० दिनले ६५०० दिन रोजगारी उपलव्ध गराई रु.४३,४२,०००/- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

२५ **म्याद ननाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

विवरण	गत वर्षको पेश्की बाँकी	यस वर्षको थप		जम्मा पेस्की बाँकी
		म्याद नाघेको	म्याद ननाघेको	
प्रतिष्ठा भुसाल बस्नेत जे भि	९५,००,०००			९५,००,०००

२६ **फरक शिर्षक**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमा भित्र रहि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले देहायको खर्च भुक्तानी गर्दा फरक शिर्षकबाट भुक्तानी गरेको देखिएकाले अनियमित भएको रु

गो.भौ.नं./ मिति	खर्चको व्योहोरा	खर्च लेखिएको शिर्षक	रकम
२६९/२०८२।३।२५	रेनकोट र व्याग खरिद	रोजगार सेवा केन्द्रको लागी मसलन्द	३०४६४
२२४/२०८२।३।१७	पदाधिकारी बैठक भत्ता	रोजगार सेवा केन्द्रको लागी मसलन्द	४५०००
जम्मा			७५४६४

अनियमित भएको	७५,४६४

२७ **कृषक गणना**

पालिका भित्र किसान सूचिकरण प्रणालीमा प्रविष्ट हुन छुटेका कृषकहरुको तथ्याङ्क संकलन एवं तथ्याङ्क प्रविष्टि गर्न पालिकाले मिति २०८१।२।१६ मा युवा सरोकार महासंघ सँग सम्झौता गरेको देखियो। सम्झौता अनुसार युवा सरोकार महासंघले मिति २०८२।३।२० सम्म गाँउपालिका भित्र ८ वटै वडाहरुमा रहेका कृषकहरु मध्ये किसान सूचिकरण प्रणालीमा प्रविष्टि हुन छुटेका कृषक परिवारहरुको तथ्याङ्क संकलन गरी पहिचान भएका कृषकहरु प्रणालीमा प्रविष्टी गरे वापत रु ९६,६६८।०० भुक्तानी पाउने लगायतका अन्य व्यवस्थाहरु छन। तर महासंघले कृषक गणनाका लागी नियुक्त गरेको गणकहरु तालिम प्राप्त भए/नभएको यकिन गर्न सकिएन। महासंघले तयार गरेको प्रतिवेदनमा कृषकको नाम, टोल र मोबाइल मात्र संलग्न गरेको पाइयो। साथै महासंघले तयार पारेको प्रतिवेदनमा उल्लिखित कृषकहरुको विवरण प्रणालीमा प्रविष्ट भएको समेत देखिएन। यसरी सम्झौता भए बमोजिमको कार्य नगरेतापनी मिति २०८२।३।२५ मा गोश्वारा भौचर नं २६७ बाट रु ९६,६६८।०० भुक्तानी दिएकोले विवरण प्रणालीमा प्रविष्टि भएको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	९६,६६८

२८ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा विगत वर्षको प्रसुति संख्याका आधारमा यस वर्ष परिमाण र लागत अनुमान गरी न्यानो झोलाको लागि सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ ।यस पालिका अन्तर्गतका वटा २ मध्ये बाल्कोट बर्थिड सेन्टरको लागि ६० थान प्रति दर ८९८ ले खरिद गरेको साथै उक्त वर्थिङ्ग सेन्टरमा गत वर्षको २० थान मौज्दात बाँकी रहेको पाईयो। यस वर्ष पालिकाको अन्तर्गतको बाल्कोट बर्थिड सेन्टरमा ६० जना प्रसुति भएको र प्रसुति आमालाई न्यानो झोला वितरण गरेको छ। तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तरयुक्त भए नभएको आधिकारिक तहबाट परीक्षण गरी तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

२९ **राजस्व दाखिला र राजस्वको लेखा**

आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानून बमोजिम प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखी बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेको छ। पालिका तथा पालिकाका वडाहरुद्वारा संकलन गरिएको राजश्व

भौगोलिक विकटताको कारण जनाई नियमानुसारको समयावधी भित्र दाखिला गरेको पाइएन। अतः पालिकाले राजश्व रकम समयमै दाखिला व्यवस्था मिलाउन पहल गर्नुपर्दछ।

राजश्व संकलन गर्ने कार्यालय	नगद रकम	दाखिला पटक	औषत दाखिल दिन	औषत रकम दाखिला
छत्रदेव गाँउपालिका	१२३९५६८.३२	१०३	३.५४	१२०३४.६४
वडा नं १	६७३८२५.३२	४६	७.९३	१४६४८.३८
वडा नं २	५७७७१५.१	३६	१०.१४	१६०४७.६४
वडा नं ३	४९८१९१.३६	४७	७.७७	१०५९९.८२
वडा नं ४	८००६८९.२३	४०	९.१३	२००१७.२३
वडा नं ५	६४७१३६.४७	४४	८.३	१४७०७.६५
वडा नं ६	५८८२०८.४१	५०	७.३	११७६४.१७
वडा नं ७	८९६२६५.३५	५१	७.१६	१७५७३.८३
वडा नं ८	५६४५३४.०१	२४	१५.२१	२३५२२.२५

३० **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र २८ वटा सहकारी संस्था मध्ये ५ वटा निष्कृय रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट १० वटाले विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन,नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३१ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत मात्र रु. २,०४,८४६।०० सङ्कलन गरेको पाइयो। पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख देहाय बमोजिम छ।

विवरण	हस्तान्तरण एवं विगत वर्ष हरुमा दर्ता भई आएका	आ.व. २०८१/८२	जम्मा
दर्ता भएका उद्योग संख्या	३०२	२०	३२२
दर्ता भएका वाणिज्य संख्या	३७४	१२	३८६
जम्मा	**६७६**	**३२**	**७०८**
व्यवसायको उद्देश्य थप, पुँजि वृद्धि			३
व्यवसाय नविकरण			६७
व्यवसाय खारेजी			१४

७०८ वटा व्यवसाय रहेको पालिकामा मात्र ६७ व्यवसाय नविकरण भएको देखिन्छ । साथै यस वर्ष नविकरण गराउनुपर्ने व्यवसायहरुको अद्यावधिक विवरण पालिका तयार नगरेकोले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायहरुलाई दर्ता हुन र नियमानुसार नविकरण गराउनुपर्ने आर्थिक वर्षमा नियमानुसार स्वतस्फुर्त

रुपमा नविकरण गराउन प्रेरित गर्न आवश्यक पहल गर्न आवश्यक देखिन्छ। साथै सो सम्बन्धी अभिलेख अद्यावधिक राखी व्यवसायीलाई करको दायराभित्र ल्याउनु पर्दछ

३२ **उपभोक्ता समितितर्फका योजनाहरु**

सार्वजनिक खरीद नियमावली २०६४ को नियम २७ अन्तर्गत कार्यालयले यस वर्ष सड़क, सिंचाई, खानेपानी लगायतका ८५ वटा टुक्रे योजनाहरु उपभोक्ता समितिवाट गराई विभिन्न करकट्टीबाहेक रु. २ करोड़ १५ लाख ४५ हजार भुक्तानी दिएको छ। यसको लेखापरीक्षणवाट निम्न व्यहोराहरू देखिएका छन्।

३२.१ उपभोक्ता समितिको कामको विलविजकः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिति मार्फत कार्य गर्दा उपभोक्ता समिति वा समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ तर यस कार्यालयमा उपभोक्ता समितिमार्फत गरिएका कामको बिल भरपाई पेश गरेतापनि कागजात परीक्षण गर्दा प्राविधिक बिलमा भएको परिमाण र उपभोक्ता समितिले खरिद गरेको निर्माण सामग्रीको परिमाण फरक रहेको देखिन्छ। पालिकाले यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

३२.२ योजना फरफारकः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिति मार्फत कार्य गर्दा उपभोक्ता समिति वा समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ। त्यस्तै नियम ९७(७) अनुसार प्रत्येक किस्ताको खर्चको विवरण सार्वजनिक स्थानमा टॅास गर्नुपर्ने र सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रकिया बमोजिम तोकेको अवधिभिन्न सामाजिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । नियम ९७(१२) अनुसार योजना रेखदेख र मर्मत संभारको जिम्मेवारी तोकी उपभोक्ता समितिलाई योजना हस्तान्तरण हुनुपर्ने समेत व्यवस्था छ। कार्यालयले नियमावलीमा व्यवस्था भए अनुसार खर्च सार्वजनिकीकरण तथा सामाजिक परीक्षण र योजनाको मर्मत संभार र रेखदेखको जिम्मेवारी सहित उपभोक्ता समितिहलाई योजना हस्तान्तरण भएको देखिएन । अतः नियमको पालना हुनुपर्दछ ।

३२.३ स्थानीय तहहरुका निर्माण कार्यमा गुणस्तर व्यवस्थापनः यस स्थानीय तहले ठेक्का समझौता र सार्वजनिक खरीद नियमावलीको नियम १११ को आधारमा गुणस्तर व्यवस्थापन गर्नुपर्नेमा अधिकांश उपभोक्ता समिति तथा ठेक्कातर्फका निर्माण कार्य गराउँदा निर्माण सामाग्री परीक्षण गराएको पाइएन। साथै यस निकायले गुणस्तर परीक्षण प्रयोगशाला र परीक्षण गर्ने जनशक्तिको व्यवस्था गरेको देखिए । अन्य प्रयोगशालावाट परीक्षण गराउने अभ्यास भएको पनि देखिएन । यसमा सुधार गर्नु पर्दछ ।

३३ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २ र यो बर्ष ९ वटा उजुरी परेकोमा मात्र ६ वटा उजुरी फछ्यौंट भएको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

३४ **सामाजिक सुरक्षा भत्ता**

.सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, बैंक मार्फत वितरण गर्नुपर्ने, नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । यो कार्यक्रम अन्तर्गत

पालिकाले यस आर्थिक वर्षमा रु. १७,५९,४२,८३२।०० खर्च गरेको छ ।लेखापरीक्षण योजना अनुसार वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा बैङ्क मार्फत वितरण गरेको भत्ताको अद्यावधिक प्रगति प्रतिवेदन लिने गरेको देखिएन ।

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२१** को निर्णयले रू **७,९८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२१** को निर्णयले रू **७,९८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२१** को निर्णयले रू **१,५९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२१** को निर्णयले रू **७,९८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२१** को निर्णयले रू **१,५९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३५ **जिन्सी सामानको खरिद र मर्मत**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद १० को नियम ९९(५) बमोजिम कार्यालयको आवश्यकता भन्दा बढी हुने सम्पत्ति तथा जिन्सी मालसामान खरिद गर्नु गराउनु नहुने व्यवस्था छ। पालिकामा मर्मत गरी प्रयोगमा ल्याउन सक्ने मालसामानहरु मर्मत नगरी प्रयोग विहिन भएको देखियो। पालिकाले मर्मत गरी प्रयोगमा ल्याउन सकिने मालसामानको मर्मत गरिनुपर्दछ। साथै मालसामान प्रयोगविहिन भई विग्रिने, खिया लाग्ने जस्ता समस्या उत्पन्न हुन सक्ने हुँदा पालिकाले यस्ता उपकरण प्रयोगमा ल्याई व्यवस्थापन गर्ने र आवश्यकताका आधारमा मात्र खरिद गर्नुपर्दछ।

३६ **लिलाम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ११ को नियम १०६(१) मा नियम ९९ बमोजिम सम्पत्ति तथा जिन्सी निरीक्षण गर्दा टुटफुट तथा बेकम्मा भई पुनः प्रयोग गर्न नसकिने, कार्यालय प्रमुखले लिलाम गर्नुपर्ने भनी ठहराएको मालसामान त्यस्तो प्रतिवेदन प्राप्त भएको मितिले एक महिनाभित्र लिलाम बिक्रीको प्रक्रिया शुरु गर्नुपर्ने व्यवस्था छ। पालिका स्थापना भएदेखि लिलाम गर्नुपर्ने सामानहरु लिलाम नगरी राखेको पाइयो। पालिकाले लिलाम प्रक्रिया नियमित रुपमा गर्नुपर्दछ।

३७ **खर्चमा मितव्ययिता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट ज्येष्ठ नागरिक तथा अपाङ्गता परिचयपत्र वितरण कार्यक्रममा १४ जनालाई

परिचयपत्र वितरण भएको पाइयो । जसमा पालिकाका १७ जना कर्मचारीले वितरण कार्यमा खटिएबापत भौचर नं ६१ मिति २०८१।८। ९ बाट प्रति व्यक्ति रु १००० को दरले भत्ता लिएको पाइयो। पालिकाले कार्यक्रम सञ्चालन गर्दा लाभग्राहीको तथ्यांक यकिन गरी सोही अनुसार कर्मचारी परिचालन गरी भत्ता व्यवस्था नियन्त्रण गर्नुपर्दछ।

३८ **बैठक भत्ता र बैठक समय**

अर्थ मन्त्रालय, कार्य सञ्चालन निर्देशिका, २०८१ को निर्देशन ४५(२) बमोजिम बैठक कार्यालय समय अघि वा पछि सम्पन्न भएको हुनुपर्ने व्यवस्था छ। पालिकाले कतिपय बैठकको माइन्यूटमा समय उल्लेख नगरी बैठक बसेको ले बैठक कार्यालय समयमा बसेको हो वा होइन यकिन हुन सकेन। त्यसैगरी सोही निर्देशिकाको निर्देशन ४५(६) मा बैठकमा आमन्त्रित सदस्यका रुपमा थप व्यक्तिहरु राख्न नपाइने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जनासम्म मात्र आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्न सकिने व्यवस्था छ। पालिकाबाट सञ्चालन हुने कतिपय तालिम तथा कार्यक्रमहरु सञ्चालन गर्नु पूर्व बैठक बसी उक्त तालिम तथा कार्यक्रममा अन्य कर्मचारीहरुलाई आमन्त्रितको रुपमा राखि बैठक भत्ता वितरण गरेको छ। पालिकाले निर्देशिकाको पालना गरी यस्ता खर्चलाई नियन्त्रण गर्नुपर्दछ।

३९ **विज्ञापन करकट्टा नगरेको**

विज्ञापन (नियमन) गर्ने नियमावली, २०७७ (संशोधन सहित) नियम ६(क) को उपनियम (२) मा सरकारी निकायले भुक्तानी गर्दा संचार माध्यमबाट सोझै प्रकाशन वा प्रसारण भएको भए त्यस्तो संचार माध्यमले जारी गरेको बिल बमोजिम तथा नियम ५(ग) को उपनियम (३) बमोजिमको विज्ञापन एजेन्सि मार्फत प्रकाशन तथा प्रशारण गरिएको भए संचार माध्यमले जारी गरेको बिलको प्रतिलिपी सहित त्यस्तो एजेन्सिको सेवा शुल्क खुल्ने गरी एजेन्सिले जारी गरेको बिल बमोजिम नियम ५(ख) बमोजिमको दररेटको आधारमा गर्नुपर्दछ। त्यस्तै विज्ञापन (नियमन) गर्ने ऐन २०७६ को दफा २१ को उपदफा २ (ख) र विज्ञापन नियमन गर्ने नियमावली (संशोधन सहितको) नियम ६(क) को उपदफा (३) मा संचार माध्यम वा बिज्ञापन एजेन्सिलाई रकम भुक्तानी गर्नु अघि ऐनको दफा २१ को खण्ड (ख) बमोजिमको रकम कट्टा गरी कट्टी गरिएको रकम विज्ञापन बोर्डको कोषमा जम्मा गरी सोको जानकारी बोर्डलाई दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले सुचना प्रकाशन तथा प्रसारण बापत रकम भुक्तानी गर्दा ३ प्रतिशतले हुने रकम विज्ञापन बोर्डको कोषमा दाखिला गरेको देखिएन। पालिकाले नियममा व्यवस्था भए बमोजिम रकम कट्टा गरी विज्ञापन बोर्डको कोषमा दाखिला गर्नुपर्दछ ।

४० **ड्राइभिङ्ग तालिम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ अनुसार सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्च प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तरसमेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले कर्मचारी तथा जनप्रतिनिधि तालिम खर्च शीर्षकबाट १६ जना कर्मचारीहरुलाई ड्राईभिङ्ग तालिम दिएवापत भौचर नं. ४९४ मिति २०८२।३।११ बाट रु १९८८८०।०० (कर बाहेक) भुक्तानी भएको देखिन्छ । पालिकाले कर्मचारीको सेवा प्रवाहलाई प्रभावकारी रुपमा संचालन गर्ने खालको कार्यक्रममा खर्च गर्नुपर्दछ।

४१ **बजेट तथा कार्यक्रम**

४१.१ **आवधिक योजना** –स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

४१.२ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट

वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाक १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४१.३ **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।साथै पालिकाले सभाबाट स्वीकृत कार्यक्रम र प्रदेश सरकार तथा अन्य प्रदेश कार्यालयबाट संचालित पालिका क्षेत्र भित्रको योजना तथा कार्यक्रममा दोहोरो परे नपरेको यकिन गर्न संचालित योजना तथा कार्यक्रमको दोहोरो नपर्ने गरी अभिलेख राखेको नदेखिएकोले लगत राखी दोहोरो पर्नबाट जोगाउनुपर्दछ ।

४१.४ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८१।३।१० मा बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।३।११ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

४२ **कर्मचारी ब्यवस्था**

४२.१ **रिक्त कर्मचारी** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४४ दरबन्दी स्वीकृत मध्ये १५ पदपूर्ति र २९ रिक्त रहेको देखियो। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत, प्रशासन अधिकृत, आलेप सहायक, अ. सव इन्जिनियर, पशु स्वास्थ्य अधिकृत लगायतका पदहरु रिक्त रहेको बिवरण पेश भएको छ ।

४२.२ **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकावाट प्राप्त विवरण अनुसार करार सेवाका विभिन्न पदमा २२ जना र स्वास्थतर्फ करारमा राखि रु.१ करोड १४ लाख खर्च लेखेको छ । पालिकाले विधिपूर्वक स्थायि कर्मचारी पदपुर्ति गरि यस्तो प्रबृत्तिमा सुधार गर्नुपर्दछ।

४३ **बार्षिक खरिद योजना/गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना

बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१३,२४,५५,११०।०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

४४ **खर्च व्यवस्थापन**

४४.१ **पुँजीगत खर्चको अवस्था** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा कार्यालयको विवरण अनुसार यो वर्ष रु. ६,३८,००,०००।०० बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सिलबन्दी दरभाउपत्रबाट रु. १,७०,००,०००।००, सोझै रु. ३,०९,००,०००।००, अमानतबाट रु. १,००,०००।०० र उपभोक्ता समितिबाट रु. २,१५,४५,०००।०० को खरिद गरेको छ। सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

४४.२ **गत वर्षको दायित्व भुक्तानी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(२) अनुसार चालु वर्षको विनियोजन बजेटले नखाम्ने गरी बढी खर्च गरेर दायित्व सिर्जना गर्न नहुने तथा नियम (१५) अनुसार तलब, महंगी भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक, खाद्यान्न, औषधी उपचार, विरामी र बन्दीको सिदा, स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग भएको सम्झौता बमोजिमको रकम लगायतका दायित्व बाहेकका रकम भुक्तानी गर्न नमिल्ने व्यवस्था छ । पालिकाले गत वर्षको दायित्व भुक्तानीको लागी बजेट बिनियोजन गरी रु. ९०,९९,८०४।०० विभिन्न चालु तथा पुँजीगत शीर्षकमा र योजना बाहेकमा रु. ६,७७,७५१ भुक्तानी गरेको छ । नियमावलीमा उल्लेख भए विपरीत बजेटले नखाम्ने गरी बढी खर्च गरेर दायित्व सिर्जना गर्ने तथा तलब, महंगी भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक, खाद्यान्न, औषधी उपचार, विरामी र बन्दीको सिदा, स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग भएको सम्झौता बमोजिमको रकम बाहेकका भुक्तानीमा नियन्त्रण गर्नुपर्दछ ।

४५ **ठेक्का व्यवस्था :**

४५.१ सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०६ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर कार्यालयले उक्त अभिलेख राखेको छैन। साथै वोलपत्र विक्रि, दाखिला रजिस्टर, पत्रिकामा सूचना प्रकाशन लगायतका विड डकुमेन्ट सम्वद्ध सम्पूर्ण कागजात व्यवस्थित ढंगले एउटै फाइलमा राखेको समेत पाइएन । यसले गर्दा ठेक्का सम्वद्व कागजात मागेका वखत पेश नहुँदा ठेक्का तथा वोलपत्र व्यवस्थापन प्रकृयामा यकिन गर्न सक्ने अवस्था छैन । अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख तथा फाइल व्यवस्थित तथा अद्यावधिक गरी राख्नुपर्दछ।

४५.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा रु. १०लाखको खरिद कार्य सोझै गर्न सकिने, रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ ।कार्यालयले ठेक्का मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका समामाग्रि खरिद तथा निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । पालिकाको विवरण अनुसार यस्ता योजना लागत अनुमान भन्दा ३७.२९ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । कार्यालयको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । कार्यालयको विवरण अनुसार यस्ता बोलपत्रका केही उदाहरणहरु निम्नानुसार रहेका छन् । निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै

अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा कार्यालयको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ ।

क्र.सं.	फर्म	विवरण	लागत अनुमान रु.	सम्झौता रकम रु.	घटी प्रतिशत	खरिद विधी
१	लक्ष्मी निर्माण सेवा	कालिका मन्दिर अर्घतोष माझकोट सडक निर्माण	४३८४७५४	२८५९५३८	३४.७८	बोलपत्र
२	पशुपती कन्स्ट्रक्सन	श्रीखण्ड सेरीखोला मथुरा गैरिपिपल सडक निर्माण	१३६४०२८४	९५१०३९३	३०.२८	बोलपत्र
३	शरण मेडिसिन डिस्ट्रिव्यूटर्स	औषधि खरिद	३४९३९७८	२१९१०००	३७.२९	सिलवन्दी दरभाउपत्र

४५.३ **औषधि खरिद** – औषधि खरिदका लागि ठेक्कामा लागत अनुमान र सम्झौताको तुलना गर्दा कतिपय औषधिका लागत अनुमानको तुलनामा अत्यन्त न्युन कवोल गरेको देखिन्छ । यस्ता औषधिहरुको गुणस्तर परीक्षण गरेको पाइएन। उदाहरणस्वरुप ठेक्का नं. ९।०८१।८२ को लागत अनुमान रु ३४,९३,९७८।०० रहेकोमा गोरक्ष राष्ट्रिय दैनिकमा २०८१।६।३ मा ठेक्का आह्वान गर्दा ६ प्रस्ताव पेश भएको देखिन्छ । सोमध्ये सवभन्दा कम कवोल गर्ने शरण मेडिसिन डिस्ट्रिव्यूटर्ससँग २०८१।७।५ मा रु २१,९१,०००।०० को सम्झौता भइ सोहि वरावरको औषधि आपूर्ति भएको छ । साथै सोहि दरमा पुन सोहि डिस्ट्रिव्यूटर्सले औषधी उपलव्ध गराइ २०८२।२।११ मा रु ७,९०,५३५।०० भुक्तानी भएको छ । न्युन दरमा कवोल गरेका केहि औषधीहरुको उदाहरणहरु निम्नानुसार रहेका छन् ।

औषधिको नाम	लागत अनुमानमा रहेको दर रु	ठेक्का सम्झौताको दर रु
Albendazole 400 mg	३.२५	०.०१
Albendazole 200 mg/5ML	९.२३	०.०१
Azithromycin 500mg	१२.३३	९
Gention Violet	१९.६७	१
Tetracycline	२६.६७	१७
Povidine iodine	२३२.३३	१३८
Clove oil 5ml	१७.६७	१०

४६ **म्याद थप**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मगदुर प्रयास गरे नगरेको, काबु बाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि कुन कुन कारणले गर्दा के कति समय म्याद थप गर्न सकिने बारे विश्लेषण गरेको देखिएन ।कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थप सम्वन्धी विवरण निम्नानुसार छ ।

ठेक्काको विवरण	सम्झौता रु. (हजारमा)	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति	हाल सम्मको वित्तिय प्रगती	म्याद थप अबधि	सुरु अबधिको म्याद थप प्रतिशत
प्रमुख प्रशासकीय भवन निर्माण	५३०४७	२०७७।६।३०	२०७९।२।२५	६६.५३%	२०८२।९।३०	२१५.००%
एकीकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम - १५ शैयाको आधारभुत अस्पताल निर्माण	१०६४९१	२०७८।४।११	२०८०।४।११	३३.९९%	२०८१।३।१०	४५.८३%

४७ **प्रशासकिय तथा अस्पताल भवन**

४७.१ **प्रमुख प्रशासकीय भवन निर्माण-** २०७७।६।३० मा २०७९।२।२५ मा कार्यसम्पन्न गर्ने गरी रु ५,३०,४७,४१५।०० को ठेक्का सम्झौता भएकोमा २०८२।९।३० सम्मका लागि छैटौ पटक म्याद थप भएको देखिन्छ । शुरु अवधिको २१५ प्रतिशत अवधिभन्दा बढी म्याद थप भएकोमा वित्तिय प्रगती ६६.५३ प्रतिशत मात्र रहेको देखिन्छ । सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ। वास्तविक कारण बाहेक म्याद थप गर्ने परम्परालाई निरुत्साहित गरिनु पर्दछ र निर्माण व्यवसायीको कारणले म्याद थप गर्नुपरेमा पुर्वनिधारीत क्षतिपुर्ति लगाई म्याद थप गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

४७.२ **एकिकृत स्वास्थ पूर्वाधार विकास कार्यक्रम** – यस कार्यक्रम अन्तर्गत १५ शैयाको अस्पताल निर्माणका लागि २०८०।४।११ मा कार्यसम्पन्न गर्नेगरी २०७८।४।११ मा प्रतिष्ठा भुषाल बस्नेत जेभिसँग रु १०,६४,९१,२७४।०० को बोलपत्र सम्झौता भएको छ । भौ नं २।०८२।३।२५ वाट तेश्रो रनिंग विल वापत रु ८५,१९,४७१।०० भुक्तानी भई यसवर्षसम्म मूल्य समायोजनको रु ५०,४३,३७०।०० समेत अद्यावधिक भुक्तानी रु ४,१२,३९,४९३।०० भएकोले ३३.९९ प्रतिशत मात्र वित्तिय प्रगती भएको देखिन्छ । शुरु प्रथमपटक २०८१।३।१० सम्म म्याद थप भएको देखिन्छ । निर्माण व्यवसायिले म्याद थप अवधिभित्र समेत कार्यतालिका अनुसार कार्य नगरेको र यस पश्चात म्याद थप भएको छैन । समयमै कार्यसम्पन्न नभएकाले अस्पताल सञ्चालनमा ल्याउन सकेको देखिएन । निर्माण व्यवसायिका कारणले ढिला भएको अवस्थामा पूर्वनिधारीत क्षतिपुर्ति लगाई म्याद थप गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।
साथै प्राथमिक स्वास्थ केन्द्र स्थापना समेत पूर्ण क्षमतामा सञ्चालन हुन नसकेको स्थानमा यो १५ शैयाको ४ तले अस्पताल निर्माणाधिन देखिन्छ । भौगोलिक रुपमा जोखिमयुक्त स्थानमा निर्माणाधिन रहेकोले अस्पताल निर्माणका लागि स्थान छनौटमा समेत ध्यान दिएको पाइएन ।यस सम्वन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार रहेका छन् ।

४७.३ मूल्य समायोजन भुक्तानी -सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा १२ महिना भन्दा बढीको निर्माण ठेक्काको संझौतामा मूल्य समायोजन दिन सकिने व्यवस्था छ । कार्यालयबाट १५ शैय्याको अस्पताल निर्माणका लागि NCB/ARG/10/077/78 अनुसार मूल्य समायोजन बाहेकको जम्मा मूल्यांकन रु. ३,६१,९६,१२१ भएकोमा हाल सम्म मूल्य समायोजन वापत रु. ५०,४३,३७०।०० भुक्तानी भएको छ । अस्पताल निर्माणका लागि समयमा बजेट निकासा हुन नसक्ने, भुक्तानी दिन बजेट अपुग हुने, निर्धारित समयमा तोकिए बमोजिम कार्यप्रगति नहुने जस्ता समस्या देखिएका छन् । स्रोत सुनिश्चित भएका योजनाहरु मात्र बहुबर्षीय योजनाको रुपमा कार्यान्वयन गर्नुपर्दछ । आयोजना तोकिएको Work Schedule अनुसार सम्पन्न नहुदाँ तथा GCC ४८ मा व्यवस्था भए अनुसार निर्माण व्यवसायीले मासिक रुपमा IPC तथा Work update पेश नगर्दा मूल्य समायोजन बापत आयोजनालाई बढी व्ययभार पर्ने गरेको देखिन्छ । मासिक प्रगतिका आधारमा मूल्य समायोजन भुक्तानी गर्नुका साथै समयमै आयोजना सम्पन्न गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

४७.४ **बढी भुक्तानी** – १५ शैय्याको अस्पताल निर्माणका लागि भौ नं २।०८२।३।२५ वाट तेश्रो रनिंग विल रु. ६४,६२,९०४।०० भुक्तानी भएकोमा रु. ३५,००,०००।०० मोविलाईजेशन पेस्की कट्टी भएको देखिन्छ । सुचकांक ०.१६७ ले मूल्य समायोजन वापत रु. ४,९४,८०५।०० भुक्तानी हुनुपर्नेमा रु. १०,७६,४५२।०० भुक्तानी भएकाले प्रतिष्ठा भुषाल बस्नेत जेभिवाट बढी भुक्तानी भएको (मूल्य अभिबृद्धि कर समेत) असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	६,५७,२६१

४८ **बराहरुख हेल्थपोस्ट वडा कार्यालय कुवरका चौपारी मोटरेवल पिच**

४८.१ ठेक्का नं ६।०७९।८० अन्तर्गतको यस सडक निर्माण कार्यको २०८२।१।३० भित्र कार्यसम्पन्न गर्ने गरी २०८०।१।१० मा खनाल ब्रदर्स सागर जेभीसँग रु ६,९७,८२,०९५।०० को सम्झौता भएको देखिन्छ ।रु. ९,६१,५३९।०० को भेरियशन आदेश ०८१।८।१० मा जारी गरी सम्झौता रकम रु. ७,०४,३३,०८६।०० पुर्याएको छ ।सोमध्ये छैटौ तथा अन्तिम रनिंग विल वापत भौ. नं .१७।०८१। १२।१९ वाट रु. ९३,७५,९२७।००, भेरियशन रु. ९,६१,५३९।०० र मूल्य समायोजन रु. ६,२९,०८३।०० समेत कुल रु. १,०९,६६,५४९।०० भुक्तानी भइ कुल भुक्तानी रु. ६,८८,९०,३६७।०० भएको छ ।यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्।

४८.२ सार्वजनिक खरिद नियमावलीको नियम १२६ का आधारमा निर्माण व्यवसायिले तोकिएको समयभन्दा ७८ दिन अगाडिनै कार्यसम्पन्न गरेको उल्लेख गरी भौ २७।०८१।१२।२६ वाट रु. २१,१२,९९२।०० बोनस/ पुरस्कार भुक्तानी गरेको छ ।२०८२।१।३० मा सम्पन्न गर्नुपर्ने कार्य २०८१।११।११ मै सम्पन्न गरेको उल्लेख गरि सम्झौताको सामान्य शर्तको बुँदा नं ५६.१ मा प्रतिदिन ०.०५ प्रतिशत र अन्तिम सम्झौता रकमको बढीमा ३ प्रतिशत सम्म यस्तो वोनस दिन सकिने व्यवस्थाको आधारमा भुक्तानी दिएको छ । भेरियशन समेत सम्झौता रकम रु. ७,०४,३३,०८६।०० मा मूल्य समायोजन रु. ६,२९,०८३।०० घटाइ रु. ६,९८,०४,००३।०० को ३ प्रतिशतले हुने रु. २०,९४,१२०।०० हुनुपर्नेमा रु. २१,१२,९९२।०० भुक्तानी भएकाले रु. १८,८७२।०० बढी भुक्तानी भएको खनाल ब्रदर्स सागर जेभीवाट असुल गर्नुपर्ने

असुल गर्नुपर्ने	१८,८७२

४८.३ साथै सोहि भुक्तानीमा ३० प्रतिशतले मूल्य अभिबृद्धि कर कट्टी नगरेकाले रु. ७२,२७४।०० कर समायोजनको प्रमाण पेश गर्नुपर्ने अन्यथा खनाल ब्रदर्स सागर जेभीवाट असुल हुनुपर्ने रु...

प्रमाण पेश नगरेको	७२,२७४

४९ **सोझै खरिद :**

४९.१ सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा रु. १० लाखको खरिद कार्य सोझै गर्नसकिने, रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने उल्लेख छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।

४९.२ नियमानुसार एकमुष्ठ खरीद योजना बनाई प्रतिस्पर्धाको माध्यमबाट खरीद गर्नुपर्नेमा उदाहरण स्वरुप निम्नानुसारका खरिदमा पटक पटक सोझै खरीदको माध्यमवाट खरिद गरेको पाइयो । नियमावली विपरित तोकिएको सीमा भन्दा वढी हुने गरी पटक पटक सोझै खरीद कार्य गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

गो भौ र मिति	भुक्तानी पाउने	विवरण	भुक्तानी रकम	खरिद विधी
२५८।०८१।११।२८	बुटवल इन्टरनेशनल ट्रेड लिंक प्रालि	मसलन्द तथा कार्यालय सामाग्रि	९८३९८७	सोझै
२५७।०८१।११।२८	व्राभो लिंक प्रालि	मसलन्द तथा कार्यालय सामाग्रि	६३५४५५	सोझै
२१६।०८२।३।२६	छत्रदेवी इलेक्ट्रोनिक्स, बुटबल	कम्प्युटर, प्रिन्टर लगायत	९९८२१९	सोझै
२२७।०८२।३।२४	आचार्य स्टोर्स एण्ड अर्डर सप्लायर्स	फर्निचर	८९८६६२	सोझै
२२७।०८२।३।२४	आर के ट्रेडर्स एण्ड जनरल सप्लायर्स	फर्निचर	१९९८९७	सोझै

४९.३ कार्यालयवाट प्राप्त विवरण अनुसार निर्माण कार्यमा खरिद योजना बेगरनै पटक पटक सोझै खरीद गरेको उदाहरणहरु निम्नानुसार रहेका छन् । खरीद नियमावलीमा भएको व्यवस्था विपरित खरीद कार्य गर्दा प्रतिस्पर्धात्मक खरीद कार्य हुन सकेको छैन । नियमावली विपरित तोकिएको सीमा भन्दा वढी हुने गरी पटक पटक सोझै खरीद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

गो.भौ./मिति	भुक्तानीपाउने	विवरण	लागत अनुमान	भुक्तानीरकम
२०।०८१।८।२०	इन्द्रधनु निर्माण सेवा प्रालि	वडा नं ८ का मोटरवाटो सोर्ने योजना	८७६०००	७६९२०८
१६३।०८२।३।१५	अर्घा कन्स्ट्रक्सन	रैयाखोला कल्भर्ट अधुरो मर्मत कार्य	१९५५४२	१९२७२७
२१८।०८२।३।२३	अर्जुन निर्माण सेवा	वडा नं ७ का विभिन्न योजनाहरु	४८५९७७	४८५३२०
१९०।०८२।३।१८	ए. एस. वेल्वासे विल्डर्स प्रालि	मडेलचौर दोवाटो निर्माण	१९४६७९	१९२९९९
४३।०८१।११।२५	लक्ष्मी निर्माण सेवा	उपल्लो टिकुरी खानेपानी आयोजना	९७३९२७	९७१५६१
१७९।०८२।३।१८	शान्तिपुञ्ज विल्डर्स प्रालि	कृण्ण आवि वाल निर्माण	४८६९६७	४८४११४
२२३।०८२।३।२३	शिरोमणि कन्स्ट्रक्सन	वडा नं ५ र ७ का विभिन्न योजनाहरु	८९८९७५	८७३१०३
२३७।०८२।३।२५	जय माता दि इलेक्ट्रिकल्स	सडक बत्ति जडान कार्य	४९९८७२	४९९८७२
१४।०८१।८।१४	जोग मा विल्डर्स	वडा नं ५ का मोटरवाटो सोहोर्ने योजना	६१३३८६	५८२४५६
१६।०८१।८।१४	पशुपती कन्स्ट्रक्सन	वडा नं ३ का मोटरवाटो सोहोर्ने योजना	७०५९२८	६६८६६३
१७।०८१।८।१४	पाण्डे कन्स्ट्रक्सन	वडा नं ६ का मोटरवाटो सोहोर्ने योजना	७४९९४७	७१०३५८
२४३।०८२।३।२५	वि. जी. कन्स्ट्रक्सन एण्ड सप्लायर्स	वडा नं १,२,३ का विभिन्न योजनाहरु	७८३३३०	७८२२७१
१८०।०८२।३।१८	घोचु निर्माण सेवा	वडा नं १,२ का विभिन्न योजनाहरु	५३५७४७	५३४०४०
२१२।०८२।३।२२	हाम्जा निर्माण सेवा	अर्वुण मस्जिद संरक्षण	९२५३२९	८०१०५१
५५।०८१।११।२८	मुना निर्माणसेवा	आदर्श आवि अधुरो भवन निर्माण	४८६६२२	४८४८७९
१८८।०८२।३।१९	सनब्रिज सोलर नेपाल प्रालि	झुल्के खानेपानि व्यवस्थापन	३८५२०९	३८५२०९
९२।०८२।२।४	जालकाँडा कन्स्ट्रक्सन	वडा नं ५ का विभिन्न योजनाहरु	५८३९४४	५८२९९०
२१९।०८२।३।२४	मार्गचित्र कन्स्ट्रक्सन प्रालि	वडा नं ८ का विभिन्न योजनाहरु	४४७४२३	४३२८००

८२।०८२।१।२५	अधिकारी निर्माणसेवा	वडा नं १ का विभिन्न योजनाहरु	४८६८९२	४८५६६४
२२०।०८२।३।२४	ए एस बेल्वासे बिल्डर्स	वडा नं १ का विभिन्न योजनाहरु	४३७००४	४३५०४९
६३।०८१।१२।२७	वि वि ए एण्ड कन्स्ट्रक्सन	वडा नं २ का जोखिम बस्ती संरक्षण	९७३५१४	९७३५१५
४०।०८१।११।२२	नब चन्द्र सूर्य कन्स्ट्रक्सन	वडा नं ७ का विभिन्न योजनाहरु	८९९६२७	८९७७०६
१९१।०८२।३।१९	नयाँ नेपाल निर्माण सेवा	वडा नं ७ का विभिन्न योजनाहरु	९२४००८	९२३५५७

५० **सम्भाव्यता अध्ययन/डी.पी.आर -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा यो वर्ष रु. १७,३६,४९५।०० .खर्च गरेको छ। सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन।आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्‍याउनु पर्दछ।

भौ नं मिती	**कार्यविवरण**	**परामर्शदाता**	**स्वीकृतरु.**	**भुक्तानीरु.**
१२४।०८२।३।१	अर्घातोष भगवती खानेपानी योजनाको विस्तृत सम्भाव्यता अध्ययन	सिंग टेक इन्जिनियरिंग कन्सल्टेण्ट प्रालि	२४८८५०	२४८८५०
१२३।०८२।३।१	मथुरा सेरीखोला जरेखोला मोटरबाटोको विस्तृत सम्भाव्यता अध्ययन	बास्तुशिल्पा आरुकिटेक्ट एण्ड बिल्डर्स प्रालि	४०११५०	४०११५०
२५०।०८२।३।२३	Nwash मा रहेका तथ्यांक अद्यावधिक कार्य	हातेमाली इन्जिनियरिंग एण्ड कन्स्ट्रक्सन प्रालि	१०८६४९५	१०८६४९५
	जम्मा			**१७,३६,४९५**

५१ **कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। कार्यालयले कन्टिन्जेन्सी खर्च तर्फ मास्टरोलबाट काम गरेको उल्लेख गरी रु.२८ हजार, कार्यालय सञ्चालन तथा अनुगमनमा रु. ३ लाख १ हजार र अन्य रु. १० लाख ९१ हजार समेत यस वर्ष रु. १३ लाख ९२ हजार कन्टीन्जेन्सी खर्च गरेको छ। सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन।

योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ।कन्टिन्जेन्सी रकमबाट, कार्यालय मालसामान, इन्धन, विविध लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च

छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ।

५२ **फोहरमैला व्यवस्थापन** –

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

५३ **कार्यक्रम सञ्चालन**

५३.१ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना छनौट गर्दा ध्यानदिनु पर्ने बिषयहरुमा आर्थिक विकास, गरिवी निवारण, उत्पादनमुलक र छिटो प्रतिफल दिने जस्ता विषयहरुलाई ध्यान दिनुपर्ने उल्लेख छ ।पालिकाले उत्पादनमूलक कार्यक्रमलाई प्राथमिकता दिई खर्च नियन्त्रण गर्नुपर्दछ ।

भौ.नं./मिति	**कार्यक्रमकोनाम**	**वितरणसामाग्री**	**भुक्तानीरु**
२००।०८२। ३।२० २४१।०८२। ३।२०	हिलट्याकी खरिद (हिलटेक इण्डस्ट्रिजवाट)	१०३ वटा ५०० लिटरको हिलटेक ट्याक्कि खरिद	६४३३१४
१५०।०८२। ३।११	तारजाली खरिद (हिमाली डाँफे कन्स्ट्रक्सन)	१९५ वटा ग्यावियन र तार खरिद	७८६६५१
२९।०८१। १०।३०	पशु संरक्षणका लागि तार जाली खरिद (भट्टराई हार्डवेयर एण्ड सप्लायर्स)	ग्यावियन खरिद	१४२९९१
२१६।०८२। ३।१६	धौलागिरी आमा समूह फर्निचर तथा बाद्यवादन व्यवस्थापन	प्लास्टिक कुर्सि, प्लास्टिक टेवल, बाद्यवादनका सामाग्रि खरिद	४९९९१
३१३।०८१। १२।२६	जनजाती लक्षित कार्यक्रम	दमाहा कर्नाल लगायतका पञ्चेवाझा द ड्रिम ट्रेड सप्लायर्सवाट खरिद गरी वितरण	९९९९८
३१३।०८१। १२।२६	सोरठीनाच प्रवर्द्धन तथा परियार वाजा व्यवस्थापन	दमाहा कर्नाल लगायतका पञ्चेवाझा द ड्रिम ट्रेड सप्लायर्सवाट खरिद गरेर वितरण	७९९९८
२९७।०८१। १२।२१	महिला स्वास्थ स्वयंसेविका अवलोकन भ्रमण अन्तर्गत ऋषिकेश मन्दिर, रुरुक्षेत्र, रानिमहल भ्रमण	सि. अ. हे. व. कमल प्रसाद श्रेष्ठ लगायत	५०००००
३६/२०८१। ७।२८	छत्रदेवालयमन्दिर,उल्कपूजाव्यवस्थापन	सामग्रीखरिदररंगरोगन	१०००००
४१३/२०८२। २।२३	माझकोटभगवतीकालिकामन्दिरलाईदशैखर्च		५००००

यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।

५३.२ भौ. नं. ६३२।०८२।३।२४ वाट फुल नर्सरी कार्यक्रम अन्तर्गत कालिका साना किसान कृषि सहकारी संस्था लिमिटेडलाई ७५ प्रतिशत अनुदानस्वरुप रु ३,३२,७५४।०० भुक्तानी दिएकोमा सहकारीको अध्यक्ष राधिका पाण्डेले आत्माराम बञ्जाडेवाट ५ वर्षका लागि जग्गा भाडामा लिएको देखिन्छ । सो कार्यक्रममा रु ६०,०००।०० को 7HP Minitiller खरिद गरि अन्य नर्सरी स्थापनाका लागि निर्माण कार्यहरु समेतको विल समावेश गरेको छ । सो को लागत अनुमान र स्पेसिफिकेशन तथा कार्यसम्पन्न प्रतिवेदन समेत

समावेश गरेको छैन । जग्गा भाडामा लिई सञ्चालन गरेको कार्यक्रम दीर्घकालिन हुने देखिएन ।फुलको विउ खरिदमा रु १,१२,५००।०० भुक्तानी लिएकोमा रु. ९७,५००।०० को मात्र भपाई भएकाले नपुग रकमको प्रमाण पेश गर्नुपर्ने अन्यथा कालिका साना किसान कृषि सहकारी संस्था लिमिटेडवाट असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१६,८००

५३.३ भौ. नं. १५०।०८२।३।१३ वाट १९५ वटा ग्याबियन र तार खरिद गरेको छ । उक्त सामान पालिका परिसरमा मौज्दात राखेको पाइयो ।यस्ता वितरणमुखि खर्च नियन्त्रण गरि खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

५४ अनुदानको अनुगमन

५४.१ सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ ।तर पालिकाले बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।अनुदान सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्

५४.२ **दुध उत्पादनमा आधारित नगद अनुदान-** गाउपालिकाले दुध उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधी २०७८ का आधारमा दुध उत्पादक कृषक समूह/ दुध उत्पादक सहकारी/ निजीस्तरवाट सञ्चालन भएका डेरी लाई दुध संकलन केन्द्रको रुपमा परिभाषित गरी कृषकहरुवाट डेरिले खरिद गरेको दुधको परिमाणका आधारमा डेरीले पठाएको विवरणलाई आधार लिइ अनुदान रकम भुक्तानी गर्ने गरेको छ ।प्रति लिटर रु ३ का दरले यसवर्ष रु १३,५९,८७५।०० यस अनुदानमा खर्च भएको छ ।दुध विक्रिको दर डेरी र कृषकले आफै निर्धारण गरि कृषकहरुले प्राप्त गर्ने गरेकोमा यो अनुदान कृषकहरुलाई आफ्नो पेशामा उत्प्रेरित गर्न थप सुविधाका रुपमा २०७८ सालदेखि नै सञ्चालन हुदै आएको छ । पालिका अन्तर्गतका ११ डेरी फर्म मार्फत यस वर्ष कृषकले यस्तो अनुदान पाएको देखिन्छ । कृषकले डेरिमा विक्रि गरेको दुधको परिमाण सम्वन्धमा मासिक/आवधिक अनुगमन नगरिएको र डेरीले उपलव्ध गराएको परिमाणलाई नै आधार मान्ने गरिएको छ ।यस्तो वितरणमुखि कार्यक्रममा पुनरावलोकन गरिनुपर्छ ।

५४.३ **विद्युत महशुल अनुदान-** गाउपालिकाले सामुदायिक लिफ्टिंग खानेपानी योजनाहरुमा यस वर्ष नेपाल विद्युत प्राधिकरणले जारी गरेको महशुल विद्युत महशुलमा विल भुक्तानीको ५० प्रतिशत नगद अनुदान भुक्तानी दिएको छ ।यसमा यसवर्ष रु १०,०७,८१३।०० भुक्तानी गरेको छ । यस्तो अनुदानका सम्वन्धमा मासिक/ आवधिक अनुगमन नगरिएको र उपभोक्ता समितीले उपलव्ध गराएको विललाई नै आधार मान्ने गरिएको छ ।नेपाल विद्युत प्राधिकरणलाई तिरेको विजकको ५० प्रतिशत रकम माग गर्ने गरेको तर खानेपानी योजनाहरुमा उपभोक्ताहरुवाट प्राप्त भएको आयको विवरण उपभोक्ता समितीहरुले पालिकामा पेश गर्ने गरेका छैनन् ।खानेपानी योजनाका आर्थिक क्रियाकलापलाई पारदर्शि बनाइ अत्मनिर्भर बनाउन सहजीकरण गरि सरकारी श्रोतमा मितव्ययिता कायम गर्दै यस्तो वितरणमुखि कार्यक्रममा पुनरावलोकन गरिनुपर्छ ।

५४.४ **कृषि सामाग्रि अनुदान-** गाउपालिकाको कार्यक्रम अन्तर्गत ५० प्रतिशत लागत साझेदारीमा कृषकलाई कृषि सामाग्रि औजार वितरण कार्यक्रमका मिनि टिलर, कुटानी पिसानी राइस मिल, रिपर, कर्न सेलर लगायतका कृषि मेशिन खरिदका लागि रु. ७१,९२,४००।०० को लागत अनुमान तयार गरी २०८१।१२।२० को दैनिकपत्रमा सूचना प्रकाशन गरी वोलपत्रको सूचना प्रकाशन गरेकोमा प्राप्त भएका ३ वोलपत्रमध्ये सवभन्दा कम कवोल गर्ने अस्टदिप एग्रो इन्जिनियरिंग सेल्ससँग रु. ६०,८८,६४८।०० को २०८२।१।२१ मा सम्झौता भएको छ ।साथै सोहि फर्मसँग थप रु. १०.०५.५७६।०० र रामजानकी मेशिन एण्ड टुल्ससँग रु ९२.९००।०० समेत जम्मा रु ७१.८७.१२४।०० को मिनिटिलर ६९ सेट समेतका अन्य मेशिनरी सामाग्रि खरिद गरेको छ । सो को ५० प्रतिशत अनुदान वापत हुने रु ३५९३५६२।०० मध्ये भौ. नं. १४६।२०८२।३।१०, २०४।०८२।३।२०, ४८१।०८२।३।१० र ५८७।०८२।३।२० वाट रु.

३५.८४.४६९।०० भुक्तानी गरेको र ५० प्रतिशतले हुने रकम कृषकले फर्मलाई सोझै भुक्तानी गरेको उल्लेख छ । पालिकाले खरिद गरेका यस्ता कृषि यन्त्र कृषकलाई बुझाएको भर्पाई श्रेस्तामा समावेश गरेको भएपनि कृषकको पहिचान हुने कागजात संलग्न गरेको छैन । सेवाग्राहिको माग प्राप्ति र छनौटका लागि वेभसाइटमा प्रकाशन र सूचना टास गर्ने विधि अवलम्वन गरेको कागजात श्रेस्तामा समावेश गरेतापनि कति सेवाग्राहिको निवेदन परेको र सोमध्ये छनौटका लागि लिएको आधार लेखापरिक्षणका क्रममा पेश भएन । अपेक्षित लाभग्राहि छनौट हुने अवसर सिर्जना गरी यस्तो वितरणमुखि कार्यक्रमलाई क्रमश नियन्त्रण गर्दै जानुपर्दछ।

५४.५ **नयाँ तरकारी पकेट विकास अनुदान-** यस कार्यक्रम अन्तर्गत लागत साझेदारीमा कृषक समूहलाई १७ सेट मिनि टिलर, १४ वटा १००० र ५००लिटरका हिलट्यांकी, २१०० मिटर २० MM का HDPE सिचाइ पाइप, तरकारीका विउ, विषादी लगायतका कियाकलाप समेतको कार्यक्रम ७ नंबर वडामा सञ्चालन गर्ने तय गरी रु. २३,४४,८४३।०० को लागत तयार गरी पालिकाको वेभसाइट र सूचना पाटीमा कृषक समूह छनौटका लागि १५ दिने सूचना प्रकाशन भएको देखिन्छ ।स्मार्ट दुध डेरी कृषि तथा पशुपालन कृषक समूहको मात्र निवेदन परेको उल्लेख गरी सो समूहको तर्फवाट टोपलाल पाण्डेसँग ०८१।८।५ मा सम्झौता गरेको छ ।उक्त कृषक फर्मले १७ सेट मिनि टिलर, १४ वटा १००० र ५०० लिटरका हिलट्यांकी, १० सेट २० MM का HDPE सिचाइ पाइप समेत अलग अलग कृषकहरुलाई बाडेको भर्पाई पेश गरेको छ ।पालिकाले अनुदान वापत भौ. नं. २२७।२०८२।३।१८ वाट रु. १२,००,०००।०० भुक्तानी गरेको छ । स्वीकृत कार्यक्रम नयाँ तरकारी पकेट विकास भएपनि दुध डेरिले कार्यक्रम सञ्चालन गर्नुको आधार पेश भएन । सेवाग्राहिको माग प्राप्ति र छनौटका लागि वेभसाइटमा प्रकाशन र सूचना टास गर्ने विधि अवलम्वन गरेको कागजात श्रेस्तामा समावेश गरेतापनि कति सेवाग्राहिको निवेदन परेको र सोमध्ये कृषक समूह छनौटका लागि लिएको आधार लेखापरिक्षणका क्रममा पेश भएन । अपेक्षित लाभग्राहि छनौट हुने अवसर सिर्जना गरी यस्तो वितरणमुखि कार्यक्रमलाई क्रमश नियन्त्रण गर्दै जानुपर्दछ। साथै कार्यक्रम छनौटमा दोहोरोपन नहुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने र कार्यान्वयन पश्चातको अनुगमनमा ध्यान दिइ यस्ता कार्यक्रमको दिगोपनामा ध्यान दिनुपर्दछ ।

५४.६ **बाख्रा पकेट विकास अनुदान-** यस कार्यक्रम अन्तर्गत ५० प्रतिशत लागत साझेदारीमा कृषक समूहलाई १० सेट हाते ट्र्याक्टर, १५ सेट कुटानी पिसानी मेशिन, ४ सेट मकै छोडाउने मेशिन, २ सेट घास काट्ने मेशिन, १ सेट थ्रेसर मेशिन, २ वटा प्रजननयोग्य बोका खरिद लगायतका कियाकलाप समेतको कार्यक्रम सञ्चालन गर्ने तय गरी रु. २८,१४,०००।०० को लागत तयार गरेको छ ।पालिकाले सिर्जनशिल महिला घास तथा बाख्रापालक कृषक समूहकी अध्यक्ष सावित्रा पन्थिसँग सम्झौता गरेको छ ।उक्त कृषक फर्माले १० सेट हाते ट्र्याक्टर, १५ सेट कुटानी पिसानी मेशिन, ४ सेट मकै छोडाउने मेशिन, २ सेट घास काट्ने मेशिन, १ सेट थ्रेसर मेशिन, २ वटा प्रजननयोग्य बोका समेत फरक फरक कृषकहरुलाई बाडेको भर्पाई पेश गरेको छ ।पालिकाले अनुदान वापत भौ. नं. १९०।२०८२।३।१८ वाट रु १५,००,०००।०० भुक्तानी गरेको छ । पालिकाले खरिद गरेका यस्ता सामाग्रि कृषकलाई बुझाएको भर्पाई श्रेस्तामा समावेश गरेको भएपनि कतिपय भर्पाईमा केरमेट र टिपेक्स लगाइ नाम परिवर्तन गरेकोले भर्पाइ विश्वसनिय रहेको यकिन गर्न सकिएन । सेवाग्राहिको माग प्राप्ति र छनौटका लागि वेभसाइटमा प्रकाशन र सूचना टास गर्ने विधि अवलम्वन गरेको कागजात श्रेस्तामा समावेश गरेतापनि कति सेवाग्राहिको निवेदन परेको र सोमध्ये समुहले कृषक समूह छनौट गर्नाको आधार लेखापरिक्षणका क्रममा पेश भएन । अपेक्षित लाभग्राहि छनौट हुने अवसर सिर्जना गरी यस्तो वितरणमुखि कार्यक्रमलाई क्रमश नियन्त्रण गर्दै जानुपर्दछ। साथै कार्यक्रम छनौटमा दोहोरोपन नहुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने र कार्यान्वयन पश्चातको अनुगमनमा ध्यान दिइ यस्ता कार्यक्रमको दिगोपनामा ध्यान दिनुपर्दछ ।

प्रजननयोग्य बोकाको गुणस्तर परीक्षण समेत गरेको छैन । वाख्रा पकेट विकास कार्यक्रम स्वीकृत भएपनि कुल काम रु. २८,२५,५१२।०० मध्ये १० सेट हाते ट्र्याक्टर, १५ सेट कुटानी पिसानी मेशिन लगायत कार्यक्रमसँग असम्वन्धित विल भर्पाई राखि रु. २२,९८,२८२।०० (पालिकाले ५० प्रतिशत अनुदान दिएको रकम समेत) खर्च भएको र उपर्युक्त अवस्थाहरुका कारण उक्त खर्च यकिन गर्न नसकिएको रु.

अनियमित भएको	११,४९,१४१

५४.७ **विरुवा वितरण** - प्रदेश सरकारबाट पालिकालाई फलफुल प्रवर्द्धन कार्यक्रममा लागि बजेट विनियोजन भएकोमा ५० प्रतिशत अनुदान कार्यक्रम अन्तर्गत रु. ६,९४,६५९।०० को लागत अनुमान तयार गरेको छ । पालिकाले श्री रामविलाश फलफुल नर्सरी वागवानी फर्म, रौतहटबाट फलफुलको विरुवा खरिद गरी प्रदेश चालुबाट भौचर नं .२ मिति २०८२।३।२४ बाट रु. २५०००० र गाउँपालिका चालुबाट भौचर नं. ६३४ मिति २०८२।३।२४ बाट सूचीकृत बेरोजगार परिचालन मार्फत उत्पादनमूलक कार्यक्रम शीर्षकबाट रु. ९७३२९ भुक्तानी गरेको छ ।विरुवा वितरणका लागि छनौटको आधार समावेश नगरी पटक पटकका भर्पाईका आधारमा विरुवा वितरण गरेको छ । पालिकाले खर्चलाई मितव्ययिता कायम गर्दै खर्चमा दोहोरोपन नआउने गरी र वितरण गरिएका विरुवावाट नागरिकको आयआर्जनमा परेको प्रभावको अनुगमन गर्नुपर्दछ ।

सि.नं.	सामानको विवरण	परिमाण	दर	जम्मा रकम
१	आँप	२०६६	८३	१७१४७८
२	लिची	२०३७	११३	२५२७८१
३	केरा	१५४	४८	७३९२
४	कागती	१२२४	१४८	१८११५२
५	मौसम	४४	४४	१९३६
६	सुन्तला	५४०	१४८	७९९२०
जम्मा				**६९४६५९**

५५ **विविध खर्च** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस बर्ष पालिकातर्फ विविध खर्च रु. २७ लाख २६ हजार खर्च गरेको छ ।पालिकाले आगामी दिनमा मापदण्ड बनाई आवश्यकता र औचित्यको आधारमा मात्र विविध खर्चमा बजेट विनियोजन र खर्च गरि यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

५६ **इन्धन खर्च :**

स्थानिय तहका पदाधिकारि तथा सदस्यले पाउने सुविधि सम्बन्धि कानुनमा संसोधन र एकिकृत गर्न बनेको ऐन २०७६ को अनुसुचिमा अध्यक्षले तथा उपाध्यक्षले प्रतिमहिना १२०/१२० लिटर तथा इन्धन सुविधा पाउने व्यवस्था भएकोमा पालिकाले दिएको विवरण अनुसार इन्धन रु. १८,३५,५०८।०० खर्च भएको छ । पदाधिकारीहरु अनुगमनमा समेत जानुपर्ने र योजनाहरुको अनुगमन लगायतका कार्यालय प्रयोजनका कार्यमा जानुपर्ने भएकोले इन्धनको प्रयोग बढी देखिएको कार्यालयको भनाई रहेको छ । यसरी हुने इन्धन खर्चमा नियन्त्रण गरी सेवा प्रवाह चुस्त दुरुस्त बनाउनुपर्दछ ।

५७ **स्थानीय तहहरुका निर्माण कार्यमा गुणस्तर व्यवस्थापन :**

यस पालिकाले ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावलीको नियम १११ को आधारमा गुणस्तर व्यवस्थापन गर्नुपर्नेमा अधिकांश उपभोक्ता समिति तथा ठेक्कातर्फका निर्माण कार्य गराउँदा निर्माण सामाग्री परीक्षण गराएको पाइएन। साथै यस निकायले गुणस्तर परीक्षण प्रयोगशाला र परीक्षण गर्ने जनशक्तिको व्यवस्था गरेको देखिएन ।अन्य प्रयोगशालावाट परीक्षण गराउने अभ्यास भएको पनि देखिएन । यसमा सुधार गर्नु पर्दछ ।

५८ **लागत सहभागिता** —

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को

भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले नगद सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः उपभोक्ता समितिको अर्थपूर्ण सहभागिता कायम गर्दै नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

५९ **जनश्रमदानः**

सार्वजनिक खरिद नियमावलीको नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको मुल्याङ्कन, बिल भरपाई र खर्च गर्ने अन्य कागजात समितिवाट अनुमोदन गराई पेश गर्नुपर्ने र उपनियम(११) अनुसार सम्वन्धित निकायवाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरीएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । यस पालिकाबाट संञ्चालित कतिपय कार्यहरू उपभोक्ता समितिबाट गराएको र समितिले जनसहभागिता जुटाएको कुनै प्रमाण पेश गर्ने गरीएको छैन।प्राविधिक मुल्याकनमा देखाईएको रकम मध्ये पालिकावाट व्यहोर्ने रकम कटाई बाँकी रकम मात्र श्रमदान भनी उल्लेख गर्ने गरीएको छ ।उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा सम्झौतामा तोकिए अनुसार जनश्रमदान जुटाई सोको अभिलेख राख्नुपर्दछ।

६० **गैर सरकारी संस्थामार्फत खरिद :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्वन्धी तालिम, अभिमुखिकरण, सवलीकरण, मूल प्रवाहिकरण जस्ता कार्य गैर सरकारी संस्था मार्फत गराउँदा छिटो, छरितो, प्रभावकारी र मितव्ययि हुने भएकोमा तोकिएको प्रकृया अपानाई त्यस्तो कार्य गराउन सक्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ४६ बमोजिम गैरसरकारी संस्थावाट काम गराउनको लागी त्यस्तो कामको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै नियम ९९(२) अनुसार उक्त कार्य गराउनको लागी कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचिमा समाबेश भएका गैरसरकारी संस्थालाई कम्तीमा १५ दिनको अवधी दिई राष्ट्रियस्तर वा स्थानियस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकार गरी सम्झौता गर्ने उल्लेख छ । पालिकाले त्यस्ता संस्थासँग सोझै सम्झौता गरेको छ । पालिकाले संस्थाहरुवाट भएको कामको प्राविधिक मूल्यांकन, प्रतिफल तथा अनुगमन प्रतिवेदन वेगर भुक्तानी गरेको पाइयो ।

भौ.नं.	कार्यक्रम	संस्था	भुक्तानी रु.
५३८।०८२।३।१६	महिला सिपमूलक तालिम	पर्यावरण सचेतन समूहलाइ भुक्तानी	१९९०४०
६५०।०८२।३।२४	मकैको खोस्टावाट हस्तकला सामाग्रि बनाउने तालिम	ओम राजश्री मल्टी एग्रो प्रालि	९९१५७५

६१ **स्यानिटरी प्याड :**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १६३६ जना रहेका छन। पालिकाले भौ. नं. १६०।०८२।२।११ बाट ९३०० प्याकेट स्यानिटरी प्याड रु. ४,४६,६३२।५० (मु अ कर समेत) मा खरिद गरेको छ। विद्यालयको मागका आधारमा पालिकाले पुरानो मौज्दात घटाउदा २०८२।८३ को पहिलो चौमासिकसम्मका लागि ९२६८ प्याकेट चाहिने निर्णय २०८१।९।११ मा गरेको छ ।तर विद्यालयगत विद्यार्थि संख्या नखुलाएको र कहिले देखि कहिलेसम्मका लागि खरिद गरेको हो अवधी उल्लेख गरेको छैन । आर्थिक बर्ष र अबधी खुलासा नगरि खरिद गर्दा १० महिनाको सट्टा १२ महिना कै लागि निकासा हुने जोखिम रहन्छ । तर बजेटलाई आधार मानि १९८४४ प्याकेटको रु. ११,०९,९७४।०० लागत अनुमान तयार गरी सिलवन्दी दरभाउपत्रको आह्वान गरेकोमा सवभन्दा कम कबोल गर्ने एञ्जल टच हाइजन म्यानुफ्याक्चरिंग प्रालिको रु. ९,५३,००८।०० को बोलपत्र स्वीकृत भएको देखिन्छ । तर विद्यालयको मागका आधारमा ९,३०० प्याकेटका लागि मात्र सम्झौता भई रु. ४,४६,६३२।०० भुक्तानी भएको छ ।पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा बर्षको विचमा आएर खरिद गरेको देखिन्छ।स्यानिटरी प्याड खरिदमा आवश्यकता पहिचान वेगर खरिद गर्दा सो को उपयोग नहुँदै सोको म्याद गुज्रने जोखिम रहन्छ ।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

६२ **मूल्य अभिवृद्धि कर कट्टी –**

मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएकोले कर समायोजनको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु...

भौ.नं./ मिति	भुक्तानी पाउनेको नाम	कर दर्ता नं.	भुक्तानी रु.	मुअकर कर रु.	३० प्रतिशत रु.
१६०।०८२।२।११	एञ्जल टच हाइजन म्यानुफ्याक्चरिंग प्रालिको		४४६६३२	५१३८२	१५४१५
२५१।०८२।३।२३	सत्यम सर्जिकल, बुटवल		६३७४९२	७३३४०	२२००२
२९।०८१।१०।३०	भट्टराई हार्डवेयर एण्ड सप्लायर्स		१४२९९१	१६४५०	४९३५
२५८।०८१।११।२८	बुटवल इन्टरनेशनल ट्रेड लिंक प्रालि	६१९८८४११४	९८३९८७	११३२०२	३३९६१
२५७।०८१।११।२८	व्राभो लिंक प्रालि	६०९७७५१६३	६३५४५५	७३१०५	२१९३२
६५०।०८२।३।२४	ओम राजश्री मल्टी एग्रो प्रालि	६०९६१०६९१	९९१५७५	११४०७५	३४२२३
२२७।०८२।३।२४	आचार्य स्टोर्स एण्ड अर्डर सप्लायर्स		८९८६६२	१०३३८६	३१०१६
२२७।०८२।३।२४	आर. के. ट्रेडर्स एण्ड जनरल सप्लायर्स		१९९८९७	२२९९७	६८९९
१२४।०८२।३।१	सिंग टेक इन्जिनियरिंग कन्सल्टेण्ट प्रालि	६०९९३६७१३	२४८८५०	२८६२९	८५८९
१२३।०८२।३।१	बास्तुशिल्पा आरकिटेक्ट एण्ड विल्डर्स प्रालि	६१०२६०७७७	४०११५०	४६१५०	१३८४५
१६३।०८२।३।१५	अर्घौं कन्स्ट्रक्सन	१९३७२७	३०४५५४८६५	२२२८७	६६८६
१९०।०८२।३।१९	ए.एस. वेल्वासे विल्डर्स	६०९७०१९१९	१९२९९९	२२२०३	६६६१
२५६।०८२।३।२३	द ड्रिम ट्रेड एण्ड सप्लायर्स	११८३५१६४७	२,२९,८४२	२६४४२	७९३३
४०।०८१।११।२२	नब चन्द्र सूर्य कन्स्ट्रक्सन		८९७७०६	१०३२७५	३०९८२
	जम्मा				**२,४५,०७९**

प्रमाण पेश नगरेको	२,४५,०७९

६३ **औषधी खरिद :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। स्थानीय तहले विभिन्न फर्महरुवाट रु. ३६,४३,११०।०० मुल्यको औषधी तथा स्वास्थ्य उपकरण प्रतिस्पर्धा तथा सोझै खरिद गरी पालीका भित्रका स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईहरुलाई हस्तान्तरण गरी पठाएको छ । विभिन्न औषधीहरु निशुल्क वितरण गर्ने नेपाल सरकारको नीतिलाई कार्यान्वयन गर्नको लागि पालिकाले समयमै औषधी खरिद गरेको देखिदैन । खरिद भएका औषधीको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा आवश्यक विवरण प्राप्त हुन नसकेकोले खर्च र यसको उपयोगिताको यथार्थता विश्लेषण गर्न सकिएन । पालिकाले हस्तान्तरण गरेको औषधी सम्वन्धित स्वास्थ्य चौकिहरुले आफ्नो जिन्सि खातामा आम्दानी वाधि नागरिकलाई निशुल्क वितरण गरेको सुनिश्चित गर्नुपर्दछ ।यस सम्बन्धी देखिएको थप व्यहोराहरु निम्नानुसार छनः

• औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

• औषधी खरिदका लागी लागत अनुमान तयार गर्दा स्वास्थ्य विभागको स्विकृत दररेटलाई आधार नलिएको,

• पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्बन्धमा अनुगमन नभएको,

तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी स्वास्थ्य सेवाबाट प्रमाणित कार्य निर्देशिका अनुसार LMIS मा प्रविष्ट गरि जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६४ **नदिजन्य पद्धार्थ संकलन सम्बन्धि ठेक्का :**

पालिकाले ३ खोलाको ठेक्काका लागि मेची कालि दैनिकमा ०८१।८।२५ सिलबन्दी दरभाउपत्रको सूचना निकालेकोमा पेश भएको अभिलेख अनुसार सौर्य खोलाको १२ दरभाउपत्र विक्रि भएकोमा ८ दरभाउपत्र पेश भएको र सोमध्ये ३ वटा मूल्यांकनमा समावेश भई सवभन्दा बढी कवोल गर्ने ग्ल्यासन कनस्ट्रक्सनको रु. १,७६,४४५।०० प्रस्ताव स्वीकृत भएको देखिन्छ ।रिडिखोलाको ११ दरभाउपत्र विक्रि भई ६ पेश भएको र सोमध्ये ३ वटा मूल्यांकनमा समावेश भई सवभन्दा बढी कवोल गर्ने ग्ल्यासन कन्स्ट्रक्सनको रु. १,३७,४००।०० को प्रस्ताव स्वीकृत भएको देखिन्छ । त्यस्तै सेरी खोलाको १३ दरभाउपत्र विक्रि भएकोमा ८ पेश भएको र सोमध्ये ३ वटा मूल्यांकनमा समावेश भई सवभन्दा बढी कवोल गर्ने ग्ल्यासन कन्स्ट्रक्सनको रु. २,७४,८००।०० को प्रस्ताव स्वीकृत भएको देखिन्छ ।आय बृद्दि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

खोलाको नाम	**लागत अनुमान (मू अ कर समेत)**	**सम्झौता रु**	
सौर्य खोला	१७५८७०	१७६४४५	
रिडिखोला	१३६४५१	१३७४००	
सेरी खोलाको	२७२९०२	२७४८००	

६५ **कार्य सञ्चालन तथा अन्य कोष -**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने बेहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष प्रकोप व्यवस्थापन कोषजस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु. ९२,२२,४५०।०० सहित रु.१,३५,५८,३४९।०० आय र रु. ४३,९५,७०७।०० खर्च गरी रु. ९१,६२,६४२।०० मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरा पना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : छत्रदेव गाउँपालिका, अर्घाखाँची , छत्रदेव गाउँपालिका , अर्घाखाँची

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	राजन पाण्डे	२०८०-१२-२१	हाल सम्म कार्यरत
लेखा प्रमुख	सानुमायाँ के.सी	२०७६-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
७५१,२६५	१,२२४,६०५	५१६,५२३	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२,४९२,३९३
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	७५,१३२
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२,४१७,२६१

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५५१३७४६०.७३	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	५५३००१२६७.९८	चालु खर्च	३२४२२५१९७.३३
प्रदेश सरकारबाट अनुदान	२०४७२०७७.११	पूँजीगत खर्च	१३२४५५११०.३६
राजश्व बाँडफाँट	८८३९३३२८.२	वित्तीय/अन्य व्यवस्था	२२३४९६६८२.४२
आन्तरिक आय	७३७११८७.१७		
अन्य आय	१११५०८२३		
कुल आय	६८०३८८६८३.४६	कुल खर्च	६८०१७६९९०.११
बाँकी मौज्दात		५५३४९१५४.०८	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		९,००,४६,९६३.६०	०	९,००,४६,९६३.६०	८,३८,०२,८१७.६३	०	८,३८,०२,८१७.६३
१३०००	अनुदान		३५,८५,४०,९०६.४६	०	३५,८५,४०,९०६.४६	३७,२२,१४,३२४.२७	०	३७,२२,१४,३२४.२७
१४०००	अन्य राजस्व		५७,४१,६६३.१२	०	५७,४१,६६३.१२	५५,७८,८४३.५९	०	५५,७८,८४३.५९
१५०००	विविध प्राप्ति		१,३१,१२६.००	०	१,३१,१२६.००	१,८५,०७९.००	०	१,८५,०७९.००
क	कुल जम्मा प्राप्ति		४५,४४,६०,६५९.१८		४५,४४,६०,६५९.१८	४६,१७,८१,०६४.४९		४६,१७,८१,०६४.४९
३	चालु		३२,४२,२५,१९७.३३	०	३२,४२,२५,१९७.३३	३१,६१,४३,७८७.०९	०	३१,६१,४३,७८७.०९
२१०००	पारिश्रमिक / सुविधा		१९,५९,९६,६०२.४२	०	१९,५९,९६,६०२.४२	२१,७३,६२,८१८.२९	०	२१,७३,६२,८१८.२९
२२०००	मालसामान तथा सेवाको उपयोग		९,९६,८३,९००.९१	०	९,९६,८३,९००.९१	९,५५,३७,६०५.८०	०	९,५५,३७,६०५.८०
२५०००	सहायता (Subsidy)		७७,५२,९१३.५०	०	७७,५२,९१३.५०	०	०	०
२६०००	अनुदान		०	०	०	२,५५,०००.००	०	२,५५,०००.००
२७०००	सामाजिक सुरक्षा		२,०४,२१,८२५.५०	०	२,०४,२१,८२५.५०	२६,०९,५६१.००	०	२६,०९,५६१.००
२८०००	अन्य खर्च		३,६९,९५५.००	०	३,६९,९५५.००	३,७८,८०२.००	०	३,७८,८०२.००
४	पूंजीगत		१३,२४,५५,११०.३६	०	१३,२४,५५,११०.३६	१६,४३,००,३३९.१९	०	१६,४३,००,३३९.१९
३१११०	भवन तथा संरचना		१,३२,७३,९००.००	०	१,३२,७३,९००.००	१,३५,२१,२२४.००	०	१,३५,२१,२२४.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		४९,७८,३९७.००	०	४९,७८,३९७.००	३०,३२,७८९.८५	०	३०,३२,७८९.८५
३११३०	अन्य पूँजीगत		१०,७८,०५०.००	०	१०,७८,०५०.००	१७,६०,१०९.००	०	१७,६०,१०९.००

	खर्च							
३११५०	सार्वजनिक निर्माण		११,२०,९०,६६५.३६	०	११,२०,९०,६६५.३६	१४,१६,७१,८६९.३४	०	१४,१६,७१,८६९.३४
३११६०	निर्मितसरचनाको सुधार खर्च		१,९५,०४९.००	०	१,९५,०४९.००	०	०	०
३११७०	पूँजीगत सुधार खर्च		०	०	०	३,५६,४०२.००	०	३,५६,४०२.००
३१२२०	मौज्दात सामानहरु		८,३९,०४९.००	०	८,३९,०४९.००	१९,७३,९४५.००	०	१९,७३,९४५.००
३१४१०	जग्गाप्राप्ति खर्च		०	०	०	१९,८४,०००.००	०	१९,८४,०००.००
५	वित्तीय		०	०	०	०	०	०
ख)	कुल जम्मा भुक्तानी		४५,६६,८०,३०७.६९		४५,६६,८०,३०७.६९	४८,०४,४४,१२६.२८		४८,०४,४४,१२६.२८
ग)	बचत /कमी (ग = क-ख)		(२२,१९,६४८.५१)		(२२,१९,६४८.५१)	(१,८६,६३,०६१.७९)		(१,८६,६३,०६१.७९)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		४८,३०,८०४.५५		४८,३०,८०४.५५	२६,७३,९८६.९४		२६,७३,९८६.९४
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		२,५२३.००		२,५२३.००	-६,७१०.००		-६,७१०.००
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		२६,११,१५६.०४		२६,११,१५६.०४	(१,५९,८९,०७४.८५)		(१,५९,८९,०७४.८५)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		५,२७,३७,९९८.०४		५,२७,३७,९९८.०४	६,८७,२७,०७२.८९		६,८७,२७,०७२.८९
छ)	विनिमय नाफा/							

	घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		५,५३,४९,१५४.०८		५,५३,४९,१५४.०८	५,२७,३७,९९८.०४		५,२७,३७,९९८.०४

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।